साप्ताहिक
# गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक २५ २०८१ माघ ८ गते मंगलबार (Jan.21, 2025) मूल्य रू. १०/-

## रामदेव र बालकृष्णलाई पक्राउ पूर्जी



योगगुरू रामदेव र आचार्य बालकृष्णलाई पक्राउ पूर्जी जारी गरिएको छ। भारतमा धेरै गुरूहरू यौनशोषणमा जेल परेका छन् तर रामदेव र वालकृष्णलाई केरला औषधी नियन्त्रण विभागले औषधी ऐन आकर्षित गर्दै पक्राउ पुर्जी जारी गरेको विषयले विश्व समाचारमा व्यापकता पाएको देखिन्छ। औषधि र जादुमय उपचार (आपत्तिजनक विज्ञापन) ऐन, १९५४ उल्लङ्घन गरेको आरोप लागेको छ।यो ऐनले औषधिको चामत्कारिक लाभ वा उपचारसम्बन्धी भ्रामक दाबीको प्रतिबन्ध आकर्षित गर्ने विषय भारतीय समाचारहरूमा उल्लेख गरिएको छ।

योगगुरूका संस्थाहरूले उत्पादन गरेका धेरै औषधिहरूमा कमीकमजोरी पाइएका समाचार आइरहेका हुन्, तर पक्राउ पूर्जी नै जारी भएको यो पहिलो घटना हो।

## राष्ट्रपति, उपराष्ट्रपतिपछि नेता बन्ने



राष्ट्रपति, उपराष्ट्रपति बनेर पुगेन,पार्टीको नेता बन्ने रहर चलेको छ विद्यादेवी भण्डारी र नन्दकिशोर पुनलाई। देशको संरक्षक बनेका र बाँचुन्जेल संरक्षक बन्नुपर्नेलाई सकृय राजनीतिको चस्का पस्नु भनेको मन्त्री, प्रधानमन्त्री बन्ने रहर नै हो। यस्ता रहर हुनेले किन राष्ट्रपति, उपराष्ट्रपति बन्नु ? कतै व्यक्तिस्वार्थ र गल्ती ढाकछोप गर्ने कसरत त होइन ? तटस्थ बस्नुपर्नेले इमान र नैतिकता गुमायो भने देखिने इम्परर न्यूक्लोथ नै हो।

राजनीतिमा मूल्य र मान्यता, नीति र सिद्धान्त सकिएको पछिल्लो उदाहरण हुन् विद्यादेवी भण्डारी र नन्दकिशोर पुन पासाङ। यिनलाई अझै गुट नै प्यारो छ। विद्यादेवी भण्डारी कोठे राजनीति र पासाङ् माओवादी बैठकमा सहभागी भएका छन्। यसका अर्थ विद्यादेवी एमाले र पासाङ् माओवादी नै देखिएका छन्।

भारतमा जो राष्ट्रपति भए, तिनीहरूले पार्टी राजनीति गरेनन्, अन्यत्र मुलुकमा पनि राष्ट्राध्यक्ष पार्टी राजनीतिमा फर्कने गर्दैनन्। यतिखेर भारतमा द्रोपदी मुर्मु १५औं राष्ट्रपति छिन्। राष्ट्रपति बन्नेहरू खुला राजनीतिमा आउने गर्दैनन्। विश्लेषकहरू भन्छन्, भण्डारी र पासाङ दलगत राजनीतिमा फर्कनु अशुभ हो।

एमालेमा अध्यक्ष ओलीपछि को ? भन्ने प्रश्न होला। माओवादीमा प्रचण्डले कसलाई आफ्नो उत्तराधिकारी बनाउने अथवा पार्टीभित्र जनार्दन शर्माको आक्रोसलाइ मत्थर पार्न पासाङलाई भित्र्याउनु परेको हतारो पनि होला। तर शिखर पदमा पुगेका व्यक्तिको यस्तो राजनीतिमा फर्कने हतारोले लोकतन्त्र घायल भएको छ।

## प्रचण्डको मिसनमा चुच्चेढुङ्गो



उपेन्द्र यादवले प्रचण्डलाई कडा जवाफ फर्काएका छन्। यहीकारण समाजवादी मोर्चालाई उपेन्द्र यादव नामको ठेस लागेको छ। बैठकमा नगएका उपेन्द्रले भनेका छन्- झुक्याएर पिठ्युँमा छुरा हान्ने प्रचण्डलाई कसरी विश्वास गर्ने ? जसपा नेपालका अध्यक्ष यादव मधेश अभियानबाट राजधानी फर्केका छन्। यादवले माओवादी अध्यक्ष प्रचण्डले विगतमा गरेको विश्वासघात 'रियलाइज' नगरेसम्म नफर्किने बताएका छन्।

## ट्रम्पको पहिलो सफलता–युद्धबिराम



१५ महिना लामो युद्ध अन्त्य गर्न नवनिर्वाचित अमेरिकी राष्ट्रपछि ट्रम्पलाई सफलता मिलेको छ। यही युद्धबिराम सपथग्रहण र जनवरी २० को बिजययात्राको पहिलो खुट्किलो पनि बनेको छ। गाजामा युद्धविरामसँगै ज्यान जोगाएर भागेका हजारौं हजार गाजाबासीहरू सुस्केरा हाल्दै घर फर्किन थालेका छन्।

गाजा क्षेत्रमा आफ्ना परिवारजन, लुगाफाटा, खानेकुरा र अन्य सामान बोकेर घर फर्कने पैदल र कारसमेतको लामो लाइन देखिन थालेको छ। प्यालेस्टाइनी झण्डा बोकेर मानिसहरू घर फर्किरहेका तस्वीरहरू विश्वसमाचार बनेका छन्।

## वामदेव एमालेमै निहुरीमुन्टी न

एमालेको चोइटो नेकपा स मा बरियता र संगठन बिभाग नपाएपछि भड्किएका वामदेव गौतम अन्ततः एमालेकै घर फर्कन तैयार भएका छन्। माघ ६ गते भेट मागेरै बालुवाटार पुगेका वामदेव गौतमले आफूले गठन गरेको नेकपा एकता राष्ट्रिय अभियानलाई एमालेमा एकीकरण गराउन चाहेका थिए। अध्यक्ष ओलीले एकीकरण छोड्नोस्, घर फर्कनोस् भनेपछि वामदेव एमाले फर्कन तैयार भएका हुन्। वामदेवलाई घर भित्र्याउने भद्रो ओलीले नै तय गर्ने भएका छन्। वामदेवलाई राष्ट्रिय सभा पनि ओलीले नै लगेका थिए।



ओलीसँग भेट गरेर फर्केपछि वामदेवले सगौरव भनेका छन्- एमालेमै जाने भइयो, तर केही साथी माओवादीमा जान्छन्। २ वर्षदेखि डाहा छटपटीमा परेका वामदेव गौतमको राजनीतिक जीवन अव स्थिर हुने लक्ष्यण छ।

# कञ्चनपुरमा भारतीय शासन

नेपालको कञ्चनपुरका ९०० बिघा जग्गा भारतीयको कब्जामा रहेको लामो समय भए पनि यो विषय नेपाल सरकार, संसदको सरोकारको विषय बनेन।

सरकारी स्रोतका अनुसार कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको करिब ९ सय बिघा जग्गा भारतले अतिक्रमण गरेर भोगचलन गरिरहेको छ। बेल्डाँडी गाउँपालिका-५ निकट रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको क्षेत्राधिकारभित्र पर्ने करीब ९ सय बिघा जग्गा भारतले अतिक्रमण गरीलामो समयदेखि भोग चलन गर्दै आएको छ। गत ३ पुसमा कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटा, जिल्लास्थित नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरीका प्रमुख र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत मनोज शाहसहितले उक्त क्षेत्रमा स्थलगत निरीक्षण गरेका गर्दा पनि ती क्षेत्र नेपालकै भूभाग भएको र भारतीयले भोगचलन गरेकोमा मतैक्यता भएको थियो।

त्यतिबेला शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत मनोज शाहले ती क्षेत्र खाली गराइदिन अनुरोध गरेका थिए। तर साविकको सिमा स्तम्भ २७ र २८, हालको ७८७ र ७८८ नम्बर सीमा स्तम्भको बीचमा पर्ने ती क्षेत्र खाली गराइदिन भारत सहमत भएको छैन।

त्यो बैठकमा नेपालले ती नेपाली भूभाग खाली गराइदिन भारतीय पक्षसँग आग्रह गरेको थियो। वार्तामा आएको भारतीय टोलीले खेतीपाती भारतीयले गरेका छन्, यसमा हामीले सहजीकरण गर्न नसक्ने र माथि जानकारी दिने बताए, भारतको माथिल्लो निकायबाट अहिलेसम्म कुनै चासो राखिएको छैन।

यो बैठकमा भारतीय पक्षले जिब्रो लरबराएका थिए, त्यहीकारण पनि भारतको माथिल्लो निकायले बेवास्ता गरेको स्थानीय प्रशासन बताउँछ।

नेपाली भूभाग अतिक्रमण गरेर जबरजस्ती खेतीपाती गर्ने २ जनामाथि मुद्दा चलाइएको छ। मुद्दाले भारतीयलाई कुनै फरक परेको छैन, नेपाली भूभागमा भारतीय शासन कायम छ। कञ्चनपुर प्रशासनले अतिक्रमित क्षेत्रमा सेनाको सुरक्षा चाहिने पत्र सिंहदरवारमा पठाए पनि सिंहदरवारले त्यसको जवाफ दिएको छैन। सीमा स्तम्भ भएको तर सहायक सीमास्तम्भ नहुँदा अतिक्रमणको समस्या बढेको रिपोर्टिङ सिंहदरवार आएको छ। दुबै देशवीच सहमति छ, सहमति अनुसार सीमास्तम्भ छैन, निरन्तर भारतीय अतिक्रमण बढ्दै गएको प्रशासनले लेखेको छ। नेपालको राजनीति र प्रशासनमा भारतको दबदबा भएकाले पनि कडिकडाउ रूपमा सीमा रक्षा गर्नेतिर चासो नपुगेको हो। खासमा भारतले सीमा अतिक्रमण गरेको विषय संसदमा समेत कहिले बहस भएको छैन।

जिल्ला प्रशासन र स्थानीय भन्छन्- सरकारले अस्थायी भए पनि सैनिक पोष्ट राख्नसके सीमा अतिक्रमण रोकिन सक्नेथियो। जिल्ला प्रशासक पनि सिंहदरवारको उदासिनताबाट खिन्न देखिएका छन्। स्थलगत निरीक्षणका क्रममा नेपाल भारतका पदाधिकारीहरूले साँध, सिमाना स्पष्ट भएमा सीमा अतिक्रमणको गुनासो रोकिने र शान्तिसुरक्षा कायम हुनेमा सहमत भएका छन्। भारतसँगको सहमतिअनुसार बिजोर नम्बरका पिलर नेपालले निर्माण गर्नुपर्ने हो, भारत मात्र होइन, नेपालसमेत यसमा सकृय देखिदैन। सरकारप्रति प्रश्न उठेको छ।






*नेपाल भारतका डिआइजीस्तरको छैठौं समन्वयात्मक बैठक भएको छ। यो बैठकको मुख्य एजेण्डा सीमास्तम्भ मर्मत र दशगजाको अतिक्रमण हटाउन संयुक्त प्रयास गर्ने रहेको थियो। सशस्त्र प्रहरी नम्बर ५ बाहिनी मुख्यालय रूपन्देहीका बाहिनीपति प्रदिप कुमार पाल र भारतीय समकक्षी सेक्टर हेडक्वाटर एसएसबी लखीमपुर खीरीका डिआईजी बी. विक्रमन तथा सेक्टर हेडक्वाटर गोरखपुरका डिआईजी मुन्ना सिंहको उपस्थिति थियो। यसअघि डिआईजी स्तरीय समन्वयात्मक बैठक भारतको उत्तर प्रदेशस्थित आईसिपी रूपैडियाको बहराईचमा सम्पन्न भइसकेको थियो। यो बैठकमा पनि पहिलेजस्तै सीमा क्षेत्रमा हुने अवैध क्रियाकलाप नियन्त्रण, दशगजा क्षेत्रको सरसफाई तथा सौन्दर्यीकरण, सीमा अपराधहरू मानव तस्करी, अपहरण, नक्कली मुद्रा, हातहतियार, गोलिगट्ठा, लागूऔषध तथा प्रतिबन्धित औषधी लगायत अवैध वन्यजन्तु तस्करी नियन्त्रण, गैरकानुनी रूपमा प्रवेश गर्न खोज्ने तेस्रो देशका नागरिकहरूको नियन्त्रण तथा रोक लगाउने विषयमा समेत छलफल भएको थियो। सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बलबीच संयुक्त अभियान अन्तर्गत दशगजा क्षेत्रमा संयुक्त गस्ती, हेल्थ डेस्क संचालन, खेलकुद तथा विविध अभ्यासहरूलाई समेत निरन्तरता दिने बारेमा सहमति भएको छ।*

*तर सीमा क्षेत्रमा भारतीय हैकम र यातना दिने कार्यक्रमा कमी आएको देखिदैन।*

## कृषि अनुदानमा नेताहरूकै लामो हात

कृषि अनुदानमा नेताहरूकै लामो हात देखिएको छ। कृषि अनुदान कृषकलाई दिने भनिएकोमा पार्टीका नक्कली किसानहरूले अनुदान खाएका छन्। बिगत ५ वर्षको अवधिमा १ खर्ब, ७ अर्ब ६६ करोड, २७ लाख, ८९ हजार कृषि अनुदान बाँडिएको छ। यसमा खास किसान ५ प्रतिशतले पनि नपाएको र सबै रकम पार्टीका नेता र पार्टीले सिफारिस गरेका नक्कली किसानले लुड्याएका छन्। सरकारले कृषि अनुदान दिइएको र सरकार किसान मैत्री देखाउन गोरखापत्रमै कृषि अनुदान बाँडिएको सूचना छपाइयो। यो सबै पापकर्ममाथि मह लेपन गरिएको अर्थमा बुझिन्छ।

सरकारले गाई भैंसी, बाख्रा बोका, कृषि उत्पादनका नाममा बाँडेको हो। कृषि मन्त्रालयका स्रोतका अनुसार करोडौंका दरले पार्टीमा संलग्न नेता र किसान नाममा नक्कलीहरूले नै यो रकम हसुरेका छन्। यसरी किसानका नाममा भएको भ्रष्टाचारको छानबिन गर्ने निकाय छैन। लोकतन्त्रमा लोक मरेको र मारिएको र ठगिएको दृश्य हो यो।

## काठमाडौंमा भव्यरूपमा मनाइयो, चिनियाँ नया वर्ष




काठमाडौं। पोखरामा फेवा महात्सव हुँदै माघ ६ गते राजधानीमा पहिलोपल्ट भव्यरूपमा चिनियाँ नयाँ वर्ष मनाइएको छ। यो नयाँवर्ष महोत्सवमा चिनियाँ राजदूत चेन सोङ् आफै र दूतावासका कूटनीतिक कर्मचारीहरूसमेत सहभागी भएका थिए। विश्लेषकहरू भन्छन्- चीन नेपालमा चीनको चासो बढ्दै गएको छ भन्ने सन्देश दिन चाहेको देखिन्छ।

पहिले पहिले ससाना कार्यक्रम हुने गरेका थिए। यसपल्ट विभिन्न सांस्कृतिक कार्यक्रमसहित नयाँ वर्ष मनाएको हो। कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत चेन सोङ, राज्यका तर्फबाट उपसभामुख इन्दिरा राणालगायतको उपस्थिति रहेको थयो।

महोत्सवको अवसरमा चिनियाँ सांस्कृतिक झाँकी, ड्रागनहरूको नाच पनि देखाइएको थियो। जनमानसको सहभागिता राम्रै थियो।

# पूर्वराष्ट्रपति भण्डारीलाई पत्र



शेखर ढुंगेल, अमेरिका

महामहिम सादर नमस्कार सुस्वास्थ्य एबम् दिर्घजीवनको कामना गर्दछु ।

चर्चा छ यहाँमा राजनीतिमा सक्रिय हुन् ध्यान खिचिएको छ। म मार्फत आम स्वतन्त्र नागरिक्को प्रशं छ के को लागि? र एमाले मार्फत नै किन ? मानौ ओलिज्युले सहजै नेतृत्व छोड्नु भयो नेपाल खनाल गौतम रावल आदि समेट्नु भयो अर्थात एमालेको बहुमतको सरकार पनि बन्यो ? २०४७ साल पछी कति वटा बहुमतको अनि दुइ तिहाइको सरकार गिर्यो स्मरण गर्नु र कारण खोतल्नु पर्ने हुन्छ कि ? गणतन्त्रको सर्बोच्च पद हासिल गरि सक्नु भएकी यहाको राजनीतिमा अझै सक्रियाको उदेश्य के होला ? अनि ओलिज्यूको बिराशत पछी नेतृत्व लिन धुपबत्ती गरि रहेका हरूले यहाँ लाइ आत्मादेखि स्थान देलान ? उनिहरूलाइ नै अवसर दिए हुँदैन र ? वा प्रयोग भैसकेका पात्र र प्रवृति नै बोकेर एमाले अगाडी बढ्छ भन्ने भ्रम पालेर बस्ने होइन, त्याग्नु पर्छ कि ? बिर्सनै नहुने यथार्थ पनि छ हो भने नागरिक परिबर्तनको आकांक्षा बोकेर सडकमा आउन खुट्टा उचालेर बसेका छन् ।

यदि यहाको सक्रियता संकट उन्मुख देशको स्वतन्त्रता स्वाधिनता सार्बभौमिकता एबम राष्ट्रिय अस्मिता बचाउने उदेश्यले हो भने लोकतान्त्रिक राष्ट्रबादी नेता व्यक्तित्व र बिज्ञ हरूको राष्ट्रिय मोर्चा र त्यसको नेतृत्व लिने गरि अगाडी बढ्नुस ८४ को निर्वाचन अगावै बर्तमान संविधानको परिमार्जन निर्वाचन पद्धतिको परिमार्जन गर्नको लागी शान्तिपूर्ण आन्दोलनको अनिवार्यता हुन्छ । समयले त्यसको लागि एक इमान्दार निष्पक्ष र दृढ प्रतिबद्धता भएको नेतृत्वको अपेक्षा राखेको छ । खोजेको छ । जनताबाट टेस्टेडहरूले समयसँग नजिस्किएकै राम्रो होइन र ?



महामिमज्यू कहिले आउला सुशासन यो देशमा ? अनि अमेरिकन बेलायति जापानिज लगायत बिश्वका धनाढ्यहरूलाइ नेपालमा काम ( लगानी) गर्न आउन यस्तो सूचना जारी हुनेछ । नेपालीले बिदेशमा आफ्नो उत्पादनमा लगानी गर्नेछन् ..बुद्ध जन्मेको देश अध्यात्मिक समाज जैविक (अर्गानिक) खाना, सुन्दर शान्त नेपाल, द्वन्द्वबाट पीडित बनेकाहरूले शान्तिको खोज गर्ने स्थान बनोस् अनि गर्ब साथ बिदेशीको अगाडी यस्तो सूचना प्रकाशित गर्न कहिले योग्य हुने होला हामी ?

OPEN FOR BUSINESS

ONE OF THE MOST STABLE AND CORRUPTION FREE DEMOCRACIES IN THE WORLD HIMALAYAN KINGDOM OF NEPAL IS A SAFE PLACE TO INVEST YOUR ENERGY, SKILLS AND MONEY

**तत्कालिन नेता गिरिजाप्रसाद कोइरालाको ग्याण्ड डिजाइन :**



गिरिजाले सधैं ग्रयाण्ड डिजाइन भन्थे तर उनले त्यो के कस्तो को बाट खुलाएनन् । आफूले बोलेको ग्याण्ड डिजाइनको रहस्य आफैले बोकेर इहलीला समाप्त पारे ।

राजाले हाँसी हाँसी गद्धी छोड्नुको मूल कारण यही ग्रयाण्ड डिजाइनको अन्तर्य बोध थियो तर मुख खोल्नु उचित समय ठानेनन् सायद वा बोलेर पनि अवस्था नागरिकले बुझ्ने थिएन । त्यही भएर उनले बुझे लड्नु भन्दा छोड्नु बेश ठानेर जनताको नासो जनतालाई नै बुझाएको हुनुपर्छ भन्ने अड्कल गर्न सकिन्छ ।

ग्रयाण्ड डिजाइन भनेको भारोपश्चिमाको १. तिब्बत मिसन २. इशाई मिसन ३. जलस्रोत कब्जा थियो/हो । त्यसैले यूरोपियन युनियन र अमेरिकाको स्रोत र साधन भारतको सुरक्षामा प्रचण्डलाई निमित्त नायक बनाइ यी तिनै कुराको बाधक राजसस्थालाई लोकतन्त्रको आवरणमा पाखा लगाउनु थियो सफल भए । आज देशले त्यसको परिणाम भोग्दैछ सिंहदरवार शक्तिबाट टाट पल्टेको छ । सिंहदरवारको शक्ति विदेश पुगेको छ । लैनचौर दरवार आफु खुसि व्यक्ति (सस्थाको नाम लेपन गरेर) अब२० करोड सम्म लगानी गर्ने अर्थात् द्वैध शासन चलाई रहेछ । एम सी सी को अन्तर्य र बहुदल र खास गरि प्रचण्डको उदय पश्चात बिसौ हजार चर्च निर्माणको स्रोत र साधनको कथा भनि राख्नु परेन । बुद्धको जन्मभूमि नेपाल आज बुद्ध मार्गी (मानसिकता) शून्य तर्फ उन्मुख छ। पछिल्लो पटक व्यक्तिको लहडमा चीनलाई धोखा दिने काम मात्र भएको छैन । दुई स्वतन्त्र देशबीच भएका सम्झौता /समझदारीलाई अर्को देशको अधिकारीलाई स्पष्टिकरण दिन जानु नेपालको स्वाधीन अस्तित्व लिलामी हो तर कोही किन बोल्दैनन् ? यस्तो स्खलित कुटनैतिक अवस्था इतिहासमा कहिले पनि भाको थिएन । राष्ट्रबादी हुँ भन्ने ओलीज्यु बोल्नु हुन्न । अझै आरजु पदमा छिन् त्यसैले भन्दै आएको छु यहि पद्धती नेतृत्व बर्ग र निर्वाचन प्रवृति रही रहे ८९ को निर्वाचन पश्चात नेपालको अस्तित्व आंशिक वा पूर्णरूपमा समाप्त हुनेछ । फरक मिसनको लागि त्रिकोणीय गठबन्धनले आक्रमण (लगानी) गरेको शासन सत्ता उनीहरूकै हातमा छ । त्यसैले सबै भन्दा हितैषी एउटा छिमेकी राष्ट्रको हुर्मत लिने काम हुँदैछ । प्रधानमन्त्री ओलिज्यूमा अलिकति पनि नैतिकता भए आरजु राणालाई भारत पुगेकै दिन बर्खास्त गर्थे तर उनि पनि मात्र मोदीको दर्शन पाउने आशक्तिमा राष्ट्रको हुर्मत लिएको टुलु टुलु हेरेर बसेका छन् ।

राष्ट्र बचाउने हो भने अब १. लोकतान्त्रिक राष्ट्रबादी मोर्चा गठन गरि वर्तमानका नेतृत्व बर्ग (TESTED AND FAILED)लाई विस्थापन गर्ने र २. परिमार्जित गर्ने संविधानको खाका तयार पार्ने जुन निर्मम मितव्ययी, सामाजिक मनोविज्ञान र आर्थिक औकातको मौलिक होस् ध्वस्त भएको कुटनैतिक मर्याद र सम्मानको लागि उच्च स्तरीय कुटनैतिक नीति निर्माण होस् र ८४ को निर्वाचन अगावै शान्तिपूर्बक सडक आन्दोलनबाट संबिधान परिमार्जन गरि तदनुरूप निर्वाचनमा नजाने हो भने यो ५० नाघेको पुस्ता कलंकित भएर इतिहासमा लेखिने छ । आउने पुस्ताले नेपाल भन्न पाउने छैन । इतिहासको पुस्तकमा बाहेक बिदेशी ग्रयाण्ड डिजाइनको कब्जाबाट नेपाललाई मुक्त गर्न यहाँको राजनैतिक सक्रियता हो भने स्वागत छ, सहयोग हुन्छ छलफल बहस सुरूवात गर्नुहोस् । राष्ट्रको एक असल र जिम्मेवार नेत्रृत्वको रूपमा आफूलाई स्थापित गर्नुहोस् हार्दिक शुभ कामना छ भन्ने धृष्टता गरेको छु । धन्यवाद ।

# गम्भीर संकटमा पर्दै गएको राष्ट्र र राष्ट्रियता



डा. केशव देवकोटा

नेपाल राष्ट्र र राष्ट्रियता गंभिर संकटमा पर्दैगएको देखिएको छ । खासगरी कतिपय दलहरूका पछाडि नेपालमा आवश्यकताभन्दा बढी चासो राख्दैआएका शक्तिहरू खेलिरहेकाले यो अवस्था आएको हो । वैदिक वाङ्मयमा देश, जनपद, भूमिआदि शब्दलाई राष्ट्रको पर्यायवाची शब्दकारूपमा प्रयोग गरिएको पाइन्छ । यसरी शाब्दिक दृष्टिले भन्नुपर्दा सुसंस्कृत र सुशाशित देशनै राष्ट्रकारूपमा परिभाषित हुन्छ । त्यस्तो राष्ट्र व्यक्तिको सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक र राजनीतिक आदि बिविध उन्नतिहरूको आधारशिला बनेको हुनुपर्दछ । पछिल्लो समयमा राष्ट्र र राज्यको अवधारणाकाबीचमा केही भिन्नताहरू ल्याउने प्रयास गरिएको पाइन्छ । कुनै एउटा राष्ट्रभित्र अनेकौं राज्य हुन सक्छन्भन्ने अवधारणालाई मान्यता दिलाउन अनेक प्रयासहरू भैरहेका छन् । यसअघिको वैदिक अवधारणामा राष्ट्र र राज्यकाबीच कुनै भिन्नता रहेको पाइदैनथ्यो । वैदिक राष्ट्रहरू आधुनिक गणराज्यजस्तै मानिन्थे । जहाँ राजा वा राष्ट्रप्रमुख जनताद्वारा चुनिन्थे । आधुनिक राजनीति शास्त्रले राष्ट्रभन्नाले निश्चित भूगोलभित्र बसोबासगर्ने जनसमूहलाई बुझाउने प्रयास गरेको छ । राष्ट्र बन्नका लागि त्यहाँबस्ने जनताको भाषा, धर्म, इतिहास, संस्कृति, नैतिक आचार वा मूल उद्‌गममध्ये केही कुरा मिलेको हुनुपर्छ भन्नथालिएको छ । त्यही साझा मिलनबिन्दुले उनीहरूलाई आपसमा जोडेर राख्छ र उनीहरू एउटै राष्ट्रका नागरिक कहलिन्छन् भन्ने मान्यता राखिन्छ । त्यसैगरी राष्ट्रियता विश्वास वा भावना हो, जसको माध्यमबाट ब्यक्तिले आफूलाई राष्ट्रसँग गाँसेर हेर्छ, परिचय प्रस्तुत गर्छ र लगाव प्रकट गर्छ भनिन्छ । राष्ट्रियता स्वभावैले आत्मिक र आन्तरिक हुन्छ ।

कतिपयले राष्ट्रवादहरू त्यस्तो आस्था वा प्रेमपूर्ण बन्धनको नाम हो, जसअन्तर्गत आफ्नो साझा इतिहास, परम्परा, भाषा, जातीयता र संस्कृतिका आधारमा मानिसहरू एकजुट हुन पुग्छन् भनेका छन् । उपरोक्त कथनको कसीमा दाँजेर हेर्दा नेपालको अवस्था संकटमा पर्दैगएको देखिएको छ । गत शनिबार र आइतबार मोहन बैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले काठमाडौंमा राष्ट्र र राष्ट्रियतालाई कमजोर पारिएकोभन्दै बिरोध प्रदर्शन गरेको थियो । जहाँ एमसीसी सम्झौता, संविधान संशोधन र नेपालको लिम्पियाधुराको विषयमा छिमेकी भारत र चीनका बीचमा भएको दुईपक्षीय सम्झौताकाबारेमा प्रश्नहरू उठाइएका थिए । जुलुसमा सहभागीहरूले अतिक्रमित भूमि फिर्ता गर, एमसीसी खारेज गर, द्विपक्षीय सम्झौता खारेज गर, दलाल भ्रष्टहरू होशियार, शैक्षिक माफियाहरू होशियार, दलाल भ्रष्ट व्यवस्था मूर्दावादलगायतका नारा लगाएका थिए । गतसाता नै नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंहले एक सार्बजनिक कार्यक्रममै संघीय शासन नेपाललाई भारतमा गाभ्ने नियतकासाथ ल्याइएको खुलाशा गर्नुभएको थियो । उहाँले हालको नेपालको मुख्य समस्या भनेकै संघीयता रहेकोसमेत बताउनु भएको थियो । राष्ट्रिय जनमोर्चा बागमती प्रदेश समितिद्वारा आयोजित सो प्रशिक्षणात्मक कार्यक्रममा मन्तव्य राख्दै महामन्त्री सिंहले नेपालको इतिहासमा सबैभन्दा पहिला संघीयताको मुद्धा उठाउने मधेसवादी पार्टीनै भएको र तिनीहरूलाई भारतले प्रायोजन गरेको खुलासा पनि गर्नँभएको थियो । नेपालमा अवाञ्छित प्रकारले संघीयता लाद्नेक्रममा सार्वभौम अधिकार पनि कुल्चिएको उहाँको भनाई थियो । उहाँले संघीयता स्वीकारगर्ने कि नगर्ने ? त्यो अधिकार संविधानसभासित हुनुपर्दथ्यो । तर संविधानसभाको चुनाव हुनुभन्दा अगाडिनै ०६३ सालमा अन्तरिम संविधान संशोधन गरेर संघीयता घुसाइएको प्रशंग पनि उठाउनु भएको थियो । उहाँले यो नेपाली जनताको सार्वभौम अधिकारको घोर उल्लंघन थियो समेत भन्नुभएको थियो । महामन्त्री सिंहले आत्मनिर्णयको अधिकारसहितको संघीयता लागूगरेर एकथरीले नेपाललाई टुक्र्याउन खोजेको र अर्काथरीले जातीय वितण्डता मच्याउन खोजेको बताउनु भएको थियो । प्रशिक्षणकाक्रममा उहाँले संघीयता खारेजगर्दा शिक्षा र स्वास्थ्य नि:शुल्क गर्न सकिने धारणा पनि अगाडि सार्नुभएको थियो । उता पूर्वी तराईका बिभिन्न स्थानमा भएका कार्यक्रमहरूमा सम्बोधनगर्दै जसपाका अध्यक्ष उपेन्द्र यादवले नेपालभन्दा मधेश पुरानो भएको दलिल बताए । उहाँका भनाईहरूलाई हेर्दा नेपालको तराईलाई जबरजस्त मधेश नामाकरण गरेरमात्र नपुगेको र मधेश जेठो भएकाले नेपालको नामनै मध्यदेश राख्नुपर्छ भनेको बुझिन्थ्यो । खासमा पटनामा राजधानी भएको मध्यदेशलाई ब्रिटिशहरूले भारतमा गाभेपछि भागेर नेपालको तराईमा बसोवास गरेकालाई मध्यदेशी र कालान्तरमा उनीहरूलाई नै मधेशी भन्न थालिएको देखिएको छ ।

त्यसैले नेपालको तराईका रैथाने भूमीपुत्रहरूले तराईलाई मधेश बनाउने कुराको बिरोध गरेका थिए र गर्दैपनि आएका छन् । नेपालको तराईलाई मधेश नामाकरण गराउन ठूलै शक्ति लागेका कारण उनीहरूले तराईलाई मधेश नामाकरणमात्र नगराएर पूर्वी तराईका केही जिल्लालाईमात्र समेटेर मधेश प्रदेशसमेत घोषणा गराएका छन् र मधेश प्रदेशमा मधेशी दलका नेतालाईमात्र मुख्यमन्त्रि बनाउनुपर्ने मान्यता पनि स्थापित गराएका छन् । नेपालमा अन्य प्रदेश घोषणाहुँदा कुनै स्वागत नगरेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र त्यतिबेलाका माओवादी नेता डा. बाबुराम भट्टराईले मधेश प्रदेश घोषणा भएको एक हप्तासम्म आफूहरूको जित भएकोभन्दै खुसीयाली मनाएको देखिएको थियो । हाल आएर अवध, मगध, विदेह, मिथिला, जनकपुर र सम्पूर्ण भारतबर्ष भएको र नेपालका गौतम बुद्धसमेत मधेसी थिएभन्ने दलिल पेशगर्न थालिएको छ । भारतमा अहिले पनि मध्यप्रदेश छ तर त्यो हिन्दु धर्मावलम्बीमात्र रहेको 'मनुस्मृति' ले निर्धारण गरेको 'मधेस' होइन । अहिले भारतमा मधेस कहीँ पनि छैन । किनभने भारतमा धर्म निरपेक्ष राज्य स्थापना भइसकेको छ । यता धर्म निरपेक्ष घोषणा गरिएको नेपालमाभने आफूलाई मधेशी भन्नेहरूले नेपालको मध्य भागलाई नभई दक्षिणी भागमा पर्ने तराईलाई मधेस होभनेर जिरह गरिरहेका छन् । मनुस्मृतिमा उल्लेखित श्लोकबाट हाल भारतको इलाहावादभन्दा पश्चिम अर्थात दिल्ली वरपरस्थित जुन देश छ, त्यसलाई मध्य देश/मधेस र बासिन्दालाई 'मधेसी' भनिने स्पष्ट छ । मध्य देशभन्दा बाहिरको भागलाई 'आर्यावर्त' भनिन्छ र त्यहाँका बासिन्दालाई 'आर्य' भनिन्छ । घटनाक्रमले के देखाएका छन्भने नेपालले भारतसित भुटानले गरेजस्तै सन्धि गरेको भए मधेशको मुद्धा उठ्नेनै थिएन । तराइ नेपालको हुनेगरि सीमाना किटेर नेपाल संयुक्त राष्ट्रसंघको सदस्य बनेकोमा सन् १९५६ मै रघुनाथ ठाकुरले बिरोधगर्दै तराईलाई नेपालबाट अलग्याउने भनेर मधेशवादी दलको स्थापना गर्दै त्यो कुरामा भारतको समर्थन पाउन भारतको सदन अगाडी धर्नासमेत बसेको उदाहारण छ ।

नेपालमा हाल आफूलाई मधेशवादी भन्नेहरू रघुनाथ ठाकुरलाई आफ्ना महान प्रथम शहीद तथा नेता मान्छन् । नेपालमा ०७२ को संविधानमा तेश्रो संशोधनगर्ने कुरा उठेपछि आफूलाई मधेशवादी भन्ने बिभिन्न समूहहरूले संगठित हुने प्रयास गरिरहेका छन्भने माओवादी केन्द्रले उनीहरूसँग कार्यगत एकतागर्ने तयारी गरेका कुराहरू पनि बाहिर आएका छन् । खासमा यतिबेला नेपालमा संविधान संशोधन हुनसक्ने कुनै अवस्था रहेको छैन । प्रतिनिधिसभामा झण्डै दुईतिहाइ सांसदको समर्थन पाएको भनिएपनि बर्तमान केपी ओली नेतृत्वको सरकारलाई माथिल्लो सदन राष्ट्रियसभामा सामान्य बहुमत पुर्‍याउन नसक्ने अवस्था छ । ५९ सदस्यीय राष्ट्रिय सभामा बहुमतका लागि ३० र दुईतिहाइ मतका लागि ४० सांसद चाहिन्छ । नेपाली कांग्रेस र एमाले दुवै दलको सांसद संख्या २६ मात्रै रहेको छर। माथिल्लो सदनमा सामान्य बहुमत नभएकाले ओली सरकारलाई सहजै विधेयकहरू ल्याउन वा हालै ल्याइएका अध्यादेशहरू पारित गराउन समेत समस्या परेको छर। बहुमतका लागि बर्तमान सरकारले राष्ट्रपतिबाट मनोनीत सांसद वा विपक्षी दलको साथ लिनुपर्ने हुन्छ ।

संविधान संशोधनका लागि अझ दुई तिहाइ बहुमत चाहिने भएकाले एकातिर एमालेका अध्यक्ष तथा प्रधानमन्त्रि केपी ओलीले ०८७ साल यता संविधान संशोधन हुननसक्ने खुलाशा गरिसक्नु भएको छभने अर्कातिर जसरी पनि संविधान संशोधन गराएर आफ्ना एजेण्डा स्थापित गराउन चाहाने छिमेकी भारत र नेपालमा रहेका भारतीय समर्थकहरू झण्डै दुई तिहाईको नजिक रहेको बर्तमान सरकार ढालेर भएपनि आफूहरू सरकारमा जाने खतर्नाक अभियानमा जुटेका छन् । संघीयताको बिरोधगर्दै आएको राप्रपा र राष्ट्रिय जनमोर्चाकोसमेत समर्थन जुटाएर संसदको बिशेष अधिवेशन आह्वान गराउने र बर्तमान सरकारलाई ढाल्ने तयारी तीब्र बनाइएको छ । यतिबेला राष्ट्रिय सभामा सबैभन्दा ठूलो दल माओवादी केन्द्र भएकाले उसले नेपालको सत्ता राजनीतिमा आफूलाई निर्णायक ठानेको देखिएको छ । राष्ट्रिय सभामा उसका १७ सांसद रहेका छन्र। नेपाली कांग्रेसका १६ र एमालेका १० जना छन्र। एकीकृत समाजवादीका आठ, जसपा नेपालका तीन, लोसपाका एक र राष्ट्रिय जनमोर्चाका एकजना सदस्य रहेका छन्र। राष्ट्रपतिबाट मनोनीत सदस्यको संख्या तीन छ र। जसमध्ये नारायण दाहाल अध्यक्ष हुनुहुन्छभने वामदेव गौतम एकीकृत समाजवादी निकट तथा अन्जान शाक्यमात्र एमालेको पक्षमा रहनु भएको देखिएको छ । भारत निकटका शक्तिहरूले आआफ्ना मोर्चालाई फेरी सक्रिय बनाउने प्रयास गरेको देख्दा उनीहरू बिभिन्न सौदाबाजीका आधारमा ०७२ को संविधानमा तेश्रो संशोधन गराएर आफ्नो पल्लाभारी गराउने अभियानमा जुटेको देखिएको छ । यस्तो अवस्थामा नेपाली देशभक्त पार्टी र शक्तिहरू एकजुट हुनु जरूरी भएको छ ।







# वाङ्मयको क्षेत्रमा नइ

नेपाली वाङ्मयको क्षेत्रमा राज्य अथवा अन्य कुनै क्षेत्रले स्थापना गरेको संस्थाभन्दा उच्च सम्मानमा पुगेको छ नइ प्रकाशन । नइ प्रकाशनको स्वच्छता र पवित्रतामा विश्वास गर्नेहरूको योगदान पनि बढ्दै गएको छ । एकजोडी मिलेर स्थापना गरेको यो संस्था अब सामुहिक संस्था बनिसकेको छ । वाङ्मयको अभिबृद्धि र राष्ट्रसेवा प्रशंसनीयमात्र छैन, चित्ताकर्षक पनि छ ।

नइको वेभसाइटमा लेखिएको छ-

*नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । यस संस्थाले २०५५ साल वैशाख १७ गते विधिवत् रूपमा सरकारी मान्यता पाएको थियो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर 'नइ प्रकाशन' नामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्रूरूमयप्रेमीहरूको साझा चौतारी हो । यो संस्था 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध छ । यस संस्थाले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।*








*नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट निरन्तर प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।*

*नइ प्रकाशन नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरूचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर हुँदै आएको छ ।*

*नइ प्रकाशनको योगदानको मूल्याङ्कन गरेर २०७९ सालमा नेपाल राष्ट्र बैंकले एक सय रूपियाँको दस हजार थान स्मारिका सिक्का प्रकाशनमा ल्याएको छ । नेपाल राष्ट्र बैंकबाट नेपाली साहित्यिक संस्थाका नाउँमा निकेल धातुमा सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई थप गौरव लागेको छ ।*

*२०८० सालमा नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, हुलाक सेवा विभागले नइ प्रकाशनको लोगो अङ्कित दस रूपियाँको दस लाख प्रति हुलाक टिकट प्रकाशनमा ल्याएको छ । नेपाल सरकार र नेपाल राष्ट्र बैंकबाट हाम्रो समग्र कार्यको उच्च कदर गरेकोमा हामी थप प्रोत्साहित भएका छौँ ।*





वाङ्मय क्षेत्रका प्रतिभाको चयन, खोज, प्रोत्सहनका लागि नइ प्रकाशनले नयाँपन स्थापना गरेको छ । नइ प्रकाशनले राज्यका अंगहरू र विभिन्न बुद्धिजीवी, समाजसेवी, राष्ट्रसेवीहरूबाट पाएको र वाङ्मयमा लागेकाहरूलाई दिने गरेको प्रोत्साहन अझ बढेर जाओस् । मुख्य सवाल चाकरी, चाप्लुसी, आफन्त, राजनीतिबाट अलग्ग वागद्वारजस्तो यो संस्थाले आफ्नो यो विशेषता कायम राख्ने विषयमा कुनै संशय छैन तथापि बेला बेलामा कुनियत भएकाहरूले यो संस्थाप्रति फैलाएको प्रदूषण देख्दा सुन्दा पढ्दा लाग्छ, यो संस्था बिटुल्याउन अथवा अन्य राज्य र व्यक्ति प्रभावी संस्थाहरूझैं नाममात्रको पार्न अनेक साजिस भइरहेको देखिन्छ । नइ प्रकाशन वाङ्मय क्षेत्रमा उज्यालो वर्तमान हो, देखिने उज्यालो भविष्य पनि हो । प्रत्येक सर्जकका लागि यो संस्था आस्थाको मन्दिर बनिसकेको छ । यो संस्थालाई देशभित्रमात्र होइन, बाह्य क्षेत्रमा पनि चिनाइरहनुपर्ने अवस्था रहेन । यसकारण यो संस्थाले वाङ्मयको विकासमा अझ योगदान दिन सकोस् भन्ने प्रत्येक सर्जकको चाहना बढेको पाइन्छ । नइ अब व्यक्ति होइन, सम्मानित संस्था हो । यो संस्थाले अहिलेसम्म जे जस्तो प्रशंसनीय कार्य गर्दै आएको छ, यसमा अझ बढोत्तरी होस् । प्रत्येक साहित्य सिर्जनामा लागेकाहरूका लागि यो संस्था साझा धरोहर बनोस्, शुभकामना छ ।

# ससुरालीदेखि सुस्तासम्म

## नियात्रासङ्ग्रह



अरूणबहादुर खत्री




कवि विनोद नेपालको ससुरालीदेखि सुस्तासम्म नामक नियात्रा सङ्ग्रह चौथो कृतिको रूपमा २०८० सालमा प्रकाशित भएको छ । यस कृतिभन्दा अगाडि उनको एकवटा नियात्रासङ्ग्रह, एकवटा लघुकथासङ्ग्रह र एकवटा कविता सङ्ग्रह निस्केको थियो । यसभित्र चक्रपथको फन्को, ओझेलमा इचङ्गु, स्वयम्भूको थुम्कोमा, गुफाका देउता लगायत विभिन्न शीर्षकका १५ वटा नियात्राहरू रहेका छन् । यात्राका क्रममा नियात्राकारले पाएको आनन्द यस कृतिभित्र समेटेका छन् । पुस्तक यात्रा प्रेमीहरूका लागि साह्रै रोमाञ्चक र हृदयस्पर्सी रहेको छ । यात्रा मनुष्यको जीवनको अभिन्न अंग हो । जन्मदेखिकै नियति । यही नियति यो पुस्तक हो ।

कविता लेखनबाट साहित्यिक यात्रा सुरू गरेका विनोद नियात्रा साहित्यमा अपरिचित नाम होइन । यो नियात्रा सङ्ग्रहभित्र लेखिएको चक्रपथको फन्को शीर्षकको पहिलो नियात्रामा यात्रा भनेपछि हुरूक्क हुने मेरो मनमा अघिल्लो वर्ष एकदिन एउटा लहड आएको थियो । लामो, टाढाको खर्चिलो तथा असम्भव यात्रा होइन । अत्यन्त मितव्ययी केवल समय खर्च हुने । पाठकहरूलाई लाग्ला कस्तो यात्रा हो त्यस्तो ? नआत्तिनुस्, सत्य भन्दैछु भनेर उनले लेखेका छन् । ओझेलमा इचङ्गु शीर्षकको नियात्रामा मोटरसाइकल सडकछेउ अड्याई हामी मन्दिरतर्फ अगाडि बढ्यौ । सडकछेउ नयाँ प्रवेशद्वार बनेको रहेछ । शिलालेखअनुसार यस द्वारको उद्घाटन विद्यादेवी भण्डारी रक्षामन्त्री भएको बखत २०६७ मङ्सिर ४ गते भएको रहेछ उक्त द्वारबाट प्रवेश गर्नासाथै ढुङ्गा छापेको बाटो सुरू भयो भनेर लेखिएका छन् ।

नियात्रा लेख्न सजिलो छैन । आफूसँगै पाठकलाई पनि डुलाउन सक्ने सामर्थ्य नियात्राकारमा हुनुपर्छ भने यात्रा वृत्तान्त र निबन्धको निजामक्ततालाई पनि समानान्तर रूपमा हिँडाउनुपर्छ, हिँडाउन सक्नुपर्छ अनि मात्र राम्रो नियात्रा सृजना हुनसक्छ । यस कुरामा विनोदभित्रको लेखनक्षेत्र राम्ररी उजागर भएको छ । उनको यो ससुरालीदेखि सुस्तासम्मको पन्ध्रवटै नियात्राहरूमा विनोदको भ्रमणकला प्रतिबिम्बित भएको छ । घुम्नु पनि एउटा कला हो । घुम्ने कला भएन भने आँखाले बाहिरी दृश्यहरू हेर्छन्, खुट्टा अलिकति थाक्छन् सकिन्छ यात्रा । यस सङ्ग्रहका नियात्राको वर्णनात्मक र प्रस्तुतिको शैलीमा रोचकता भएकाले पाठकले पढ्दा आनन्दको अनुभूति गर्छ र अत्यास लाग्ने परिस्थितिबाट जहिले पनि ऊ मुक्त हुन्छ ।

यस सङ्ग्रहभित्रको पाँचवटा नियात्राहरू काठमाडौं उपत्यकाभित्रको अवलोकन भ्रमणसँग सम्बन्धित छन् । तिनमा काठमाडौंका सामाजिक तथा सांस्कृतिक महत्वको स्थानहरूको अवस्थालाई प्रकाशनमा ल्याउने काम नियात्राकार विनोदले गरेका छन् । आफ्नै सेरोफेरोका सामान्य विषयमा केन्द्रित भई विचारलाई प्रवाहित गर्न सकिन्छ भन्ने कुराको पुष्टि काठमाडौं केन्द्रित भ्रमणबाट निस्किएका सिर्जनाहरूबाट प्रष्ट पार्न सकिन्छ । गुफाका देउता शीर्षकको नियात्रामा फलामे जालीबाट भित्र चियाउँदा गुफाभित्र विभिन्न आकृति देखिए । ताला लगाएर राखिएको स्थानभित्र शिलामा पूजा गरिदोरहेछ । पहरोमा गुफाभित्र भगवान् जहाँ जसरी उत्पत्ति हुनुभयो उसैगरी उही स्थानमा र प्राकृतिक रूपमा नारायण भगवान्को पूजा गरिनु यस स्थानको वैशिष्ट्य हो भनेर सविस्तार पुस्तकमा लेखिएका छन् ।

नियात्राकार विनोदले दहचोकमा सेतो हात्ती शीर्षकको नियात्रामा इन्द्रहद वरपर विभिन्न किसिमका मिश्रित वनस्पतिको हरियाली छ । त्यहाँसम्म पुग्ने बाटो आसपास पनि प्रशस्त हरियाली छ । यसैले यस क्षेत्रमा पानीका स्रोतहरू छन् भनेर लेखेका छन् । शहीद गोविन्दको गाउँमा शीर्षकको नियात्राभित्र मोहना नदी कैलाली र कञ्चनपुरको सीमा हो । यहीँ नै भारतीय सीमा पनि छ । डोकेबजार सीमामा अवस्थित कञ्चनपुर जिल्लातर्फ पर्ने नेपालको बजार हो भने यहीबाट पुनर्वास नगरपालिका प्रारम्भ हुन्छ भनिएको छ । आँसु बगेको छ इन्द्रावतीमा शीर्षकको नियात्रामा काभ्रेमा थुप्रै छन् अवलोकनयोग्य र सुन्दर स्थानहरू । साँगाको अग्लो शिवमूर्ति अचेल विशेष आकर्षणको थलो भएको छ । वनेपा आसपास र धुलिखेलको सुन्दरता, उता पनौती र खोपासी छन् जुन तीभन्न पूराना वस्ती हुन् र जहाँ अझै पनि आफ्नोपन जीवित छ आफ्नै कर्ममा रमाउनेहरूको वाहुल्यता छ भनेर लेखिएका छन् ।

विनोदको लेखनशैली निकै राम्रो छ । सरल शब्द, छोटा तर पोटिला र चोटिला विषय, चिटिक्क परेका वाक्यांश उनको लेखनका विशेषता हुन् । उनको लेखनमा मौलिक स्वाद छ । घुम्न निकै रूचाउँछन् विनोद । कुहिरोभित्र कुरी शीर्षकको नियात्रामा घाम र कुहिरोको लुकामारी चलिरहने खरिढुङ्गा पुग्दा इलामाको कन्याम सम्झना आउँदो रहेछ । यो उजाड स्थानलाई त्यस्तै हराभरा बनाउन सकिए कस्तो हुँदो हो ?

नेपाली साहित्यमा यात्रा साहित्यको इतिहास निकै लामो छ । यस साहित्यको ठूलो भण्डार पनि बनिसकेको छ । २०३० को दशकको मध्यदेखि नेपाली साहित्यको साधनामा लागेका विनोद पछिल्लो समयमा पूर्णकालिन लेखकका रूपमा समर्पित भएका छन् । यात्रासाहित्य पाठकका दृष्टिले ज्यादै लोकप्रिय पनि बनेको छ । यात्रासाहित्यमा कलम चलाउनेहरूको संख्या पनि दिनानुदिन बढ्दै गएको छ । यो जगतमा घुम्न नरूचाउने मनुष्य सके थोरै होलान् । जिज्ञासुपन त मानिसको जन्मजात स्वभाव हो । आँखाले पढेको हृदयभन्दा मनले भेटेको शब्द बढी प्रभावकारी हुन्छ यात्रामा । प्रस्तुत नियात्राकृति स्रष्टाले देखेको भोगेको यथार्थ पनि हो । प्रस्तुत कृतिमा नियात्राकार विनोदले देखेको, भोगेको र अनुभूति गरेको यथास्थितिलाई प्रस्तुत गरेका छन् । नियात्राहरूमा अनुभूतिको प्रधानता नभएकोले गर्दा भाषाशैली सरल र सहज बनेको छ । साहित्यिक क्षेत्रमा प्रवेश नगरेका पाठकलाई पनि सङ्ग्रहले आकर्षित गर्नसक्ने देखिन्छ । लेखक विनोदको निरन्तर लेखनीको कामना गर्दछु ।

कृति: ससुरालीदेखि सुस्तासम्म, विधा: नियात्रा सङ्ग्रह
लेखक: विनोद नेपाल, प्रकाशक: भूगोल साहित्य समाज, काठमाडौं ।

# मुक्तक लेख्ने प्रयासहरू : उसले मित्र हुँ भन्दै मलाई ढाँटेछ



यो समाजले छोरी हाँसे उत्ताउली भन्छ
फटाफट हिँडे कस्ती नखरमौली भन्छ
राम्रो काम गरे पनि समाजमा छोरीले
समाज भन्दा फरक भए नक्कली भन्छ ।

**- देवकी तिमिल्सिना समीक्षा**



सफलता को फल टिप्न कुरिराछु बिहानमा
जीवन रङ्गिन बनाउने सपना छ सिरानमा
तिमीले मलाई नबुझ्दा सधैं मर्दैछु म आजकल
सोच्थे सपना पूरा गरि मात्र जान्छु चिहानमा

**- अर्जुन अधिकारी**



भाइरस नपुगेको कुनै गाउँ शहर छैन
डुलि हिँड्ने भाइरसको कहीं घर छैन
विश्व विजेता पुर्खाका सन्तान हामी
रूप जति फेरे पनि कोरोनासँग डर छैन ।

**- आविष्कार कला**



समेटेर परेलीले छोपिराखे सपनालाई
बटुलेर मुटुभित्र खोपीराखे सम्झनालाई
मनलाई खन्दै सम्याउदै पारिलो बनाउदै
टुसाउलाकी भन्दै रोपिराखे कल्पनालाई ।

**- गंगा दहाल**



आवश्यकतामा सघाउनुपर्छ मित्र भएपछि
एक आपसमा रमाउनुपर्छ मित्र भएपछि
दुःख पर्दाखेरी सधैँ साथ र हौसला दिएर,
घाउमा मलम पट्टि लगाउनुपर्छ मित्र भएपछि

**- रिता खराल (देवी श्रीराधा)**



अचेल आमा मेरो आँगनमा माघी आयो होला
परदेशमा म न्यानो माग्दै थाप्दै छु झोला
सूर्यको पूजा गर्न जुटेका सबैलाई सम्झना छ
र मायाँको साथ सम्झिएकी छु स्नान गर्ने खोला ।

**- पौडेल बिमुन्स**



अघिबढे कुरा काट्छन् खुट्टा तान्छन् आफ्नाहरू
महान बन्दै तुच्छ सोच राख्छन् हरि, जिन्दगीमा
पैसा भए यो दुनियाँ किन्न खोज्ने ए, मनुष्य
के के लान्छौं हेर्नुपर्छ आखिर मरी जिन्दगीमा ।

**- शारदा पौडेल**



उसले मित्र हुँ भन्दै मलाई ढाँटेछ
उपहार जस्तै मित्रता पनि फाटेछ
कति कमजोर भो मित्र शव्द उसलाई
मेरो मित्रतालाई पर छोडी नेटो काटेछ ।

**- उर्मिला पोखरेल**



प्रेम र अहिंसाबाट नै मानवताको विकास हुन्छ
प्रत्येक जीवजन्तु प्राणीमा भगवानको बास हुन्छ
एउटै मन एउटै आत्मा बाँच्ने रहर पनि उस्तै
तर पनि जीवजन्तु स्वाद कै लागि गास हुन्छ ।

**- लीला दाहाल अधिकारी**



हरेक सजीवलाई विकासवादी सिद्धान्त लागू हुने रैछ
अस्तित्व जोगाउने संघर्ष देख्दा हजुर यो मन रूने रैछ
चुनौतीपूर्ण जीवनमा निरन्तर जिउने कला चिन्दै
प्रयास गरे जसले पनि सफलताको शिखर छुने रैछ ।

**- धर्मिला कार्की**



पालैपालो देश लुटिदा पनि यहाँ कोहीँ बोलेनन्
साँध सिमाना छुटिदा पनि यहाँ कोहीँ बोलेनन्
न कुटो न कोदालो नेताहरूले थुपारे धन सम्पत्ति
महङ्गीले जनता कुटिदा पनि यहाँ कोहिँ बोलेनन् ।

**- विद्या भण्डारी**



मायामा चिप्लिरनु नारीको गुणै रैछ
भूलमा माफी दिनु नारीको गुणै रैछ
त्यसैले त नारीलाई पृथ्वी भन्दारैछन्
दुःखमा हाँसी दिनु नारीको गुणै रैछ ।

**- कला ढकाल**

हरेक मंगलवार : गोरखा एक्सप्रेस
www.nepaltoday.com.np




| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# सक्नेले लुट्ने, नसक्नेले कुट्ने यस्तै देखियो लोकतन्त्र

बुद्धको देशमा आएको, ल्याएको लोकतन्त्र सक्नेले लुट्ने, नसक्नेले कुट्ने र स्वार्थशिद्ध गर्ने, यस्तै देखियो लोकतन्त्र । ठाडो शब्दमा भन्ने हो भने यो लोकतन्त्रको नाममा भाँडतन्त्र हो । अराजकतन्त्र हो । यो तन्त्रमा शान्ति, समृद्धि, समानता, बिधिको शासन भन्ने रहेन । बिधिलाई नङ्ग्याउने छाडातन्त्र भयो यो ।

सुरूमा प्रधानमन्त्री, ठूला नेतालाई झापड हानियो, जुत्ता प्रहार गरियो । यसपछि सुरू भयो कालोमोसो दल्ने अभियान । गुरूलाई, भनेको नमान्नेलाई कालोमोसो दलियो । अनि सुरू भयो कुट्ने र लुट्ने अभियान । सत्ता र शक्तिमा रहेकाले लुट्नुसम्म लुटे, लुट्ने अभियान जारी छ । सत्ताइतरकाले पत्रकार कुट्ने, डाक्टर, वकिल कुट्ने, इन्जिनियर, शिक्षक, प्राध्यापक कुट्ने काम भइरहेको छ । लोकतन्त्र अनुशासन र विधिले चल्ने चलाउने व्यवस्था हो । नेपालमा आफू अनुशासनहीन बनेका नेताले समाजमा असहिष्णुता फैलाएका छन् । एकातिर साइबर सेना, अर्कोतिर अराजक भीड, त्यसमाथि असहिष्णु जमातको उत्पादन । जसरी लोकतन्त्र ल्याइयो, लोकतन्त्र चलाइयो, त्यसैको परिणाम हो, समाजमा अराजकताको वातावरण । जे रोपिन्छ, त्यही फल्ने हो । सिस्नो रोपियो, धान फल्ने कुरै थिएन, फलेन । बाहुबलीतन्त्रले देखाउने गुण्डागर्दी हो । बिभेद, निषेध र बदलाको भावना हो । समाजमा त्यस्तै घटनाक्रम बढेर गएका छन् । राजनीति राजनीतिजस्तो रहेन ।

राजनीतिमा अपराध मिसियो । बागमतीमा राजधानीवासीले ढल मिसाएर बागमतीलाई ढलमती बनाएझैं नेताहरूले अमृतमा विष मिसिनु र राजनीतिमा अपराध मिसिनु उस्तै बनाए । शासन, प्रशासन र समाजलाई विषालु बनाउँदै लगेका छन् । शान्ति, समृद्धि र सुशासन दिन्छु भन्नेहरूले स्वार्थशिद्धिलाई प्राथमिकता दिएका कारणले देश प्रदूषणयुक्त बन्दै गएको छ । यही प्रदूषणले संविधान असफल भइसक्यो, पद्धति असफल भइसक्यो । आमनागरिकमा आक्रोश बढेर गएको छ । यतिबेला अमेरिकाको लस एन्जेलसको जंगलमा जसरी महिनौंदेखि डढेलोले वनका जीवनजन्तु, मानिसका जीवनयापनलाई खरानी बनाइरहेको छ । त्यसैगरी नेपालको लोकतन्त्रले नेपालीको जनजीवनलाई अस्तव्यस्त र ध्वस्त बनाइरहेको छ । आमनागरिकलाई पार्टी पार्टीमा विभाजन गर्ने, नेता नेताको गुटबाजीमा परिणत गर्ने, यो भनेको गुण्डातन्त्र हो । गुण्डाराजमा हुने अराजकता नै हो । गुण्डाराजमा विधिको शासन हुनसक्दैन । गुण्डाराजमा हुने मत्स्य न्याय नै हो । नेपालमा बहुदलपछिको ३५ वर्ष र लोकतन्त्रपछिको १८ वर्षमा मत्स्य न्याय ह्वात्तै बढेको छ ।

राजनीतिमा एकले अर्कोलाई खुइल्याउने, स्वार्थ मिल्यो भने गला मिलाउने काम भइरहेको छ । कुनै दल दलजस्तो छैनन् । कुनै दल वा नेतामा सिद्धान्त, नीति र निष्ठा बाँकी छैन । असैद्धान्तिक गठबन्धन स्वार्थशिद्धका मान्यता बनेका छन् । जब सिद्धान्त र आचरण बाँकी रहन्न, त्यस्तो राजनीति भनेको बागमती मिसिएको ढलमतीजस्तै हो । जहाँ जीवन बाँच्ने अक्सिजन हुँदैन । जहाँ जीवन फल्नेफुल्ने कुनै वातावरण नै बाँकी रहन्न । जसरी मौसम परिवर्तनका कारणले हिमाल समेत कालाम्मे भइरहेको छ, नेताहरूको नैतिकहीनताले राजनीति कलंकित भएको छ । कलंकित राजनीति सुशासन दिन सक्दैन, जनताको विश्वास जित्न सक्दैन । कलंकित राजनीति भनेको घृणास्पद हुन्छ । नेपालमा लोकतन्त्र र नेताहरूको असहिष्णु व्यवहार, चरित्र लोकको घृणा बनेको छ । यो घृणाले जन्माउने जनविद्रोह हो । जनविद्रोहका आगोका फिलिङ्गाहरू देखिन थालिसकेका छन् । समयमै लुट्ने, कुट्ने र विधि मिच्ने कार्य रोकिएन भने, कुनै पनि नेतामाथि जस्तोसुकै अमानवीय घटना घट्न सक्नेछ ।

# बिजय उसैलाई प्राप्त हुन्छ, जो विजयी हुने साहस राख्छन्




जो नर्कलाई स्वर्ग भनिरहेको छ, राजनीतिक अधर्मलाई धर्म मानिरहेको छ, कलंकलाई अँगालिरहेको छ, ती नेताहरूलाई के भन्ने ? दयामात्र गर्न सकिन्छ । यो परिवर्तनकारी नेतृत्व होइन रहेछ, भ्रष्टाचारको पोखरी पो रहेछ ।

विद्वानहरूले भनेका छन्- विजय उसैलाई प्राप्त हुन्छ, जो विजयी हुने साहस राख्छन् । सायद यही विषयमा हेलेन केलरले लेखेका थिए- अन्धो हुनु नराम्रो हो तर आँखा भएर पनि नदेख्नु झन खराब हो । त्यसपछि मान्यता बसेको हुनुपर्छ- अमर हुन रहर गर्नेले आफूमा भएको खुबी देखाउनु पर्छ ।

हाम्रा नेताहरूमा परिवर्तनको भोक, नेतृत्वमा हुनुपर्ने त्याग र बलिदान केही पनि रहेनछ, यिनीहरू भ्रष्टाचारको भाइरस बनेर राजनीति गरिरहेका छन् । यसकारण हाम्रो नेतृत्व घृणा बनेको छ ।

परिवर्तन खोजेको हो, जे जसरी होस् परिवर्तन ल्याउन सफल भए, यसमा राजतन्त्रले जनइच्छा परिवर्तन नै हो भने स्वीकार छ भनेर सघाएकै हो । तर परिवर्तनको १८ वर्षको परिदृश्यको आधारमा भन्न सकिन्छ- परिवर्तन गर्न रहर गर्नेहरूमा विजय कायम राख्ने ल्याकत देखाउन सकेनन् । देशलाई असफलतातिर उन्मुख गराइरहे ।

१८६९ मा प्रकाशित ***वार एण्ड पिस***का लेखक लियो टल्सटोय लेखेका थिए- समाजमा हल्ला गरेर, कराएर, गुनासो गरेर, निन्दा गरेर, पार्टीहरू खोलेर, आन्दोलन गरेरमात्र सुधार हुनसक्दैन । त्यसका लागि भावनाको जागृति र विचारहरूमा प्रगतिको आवश्यकता पर्दछ । हाम्रा नेताहरूमा त्यस्तो गुण केही देखिएन । यसकारण स्वराज र स्वाधनीतामा प्रश्न उठेको छ ।

जुन नेता राष्ट्रलाई प्रेरणा दिन्छ, जनताको अपेक्षा पूरा गर्छ, त्यो नै महान नेता हो । यस दृष्टिमा हामीसँग एकजना पनि नेता छैनन् । किनभने वर्तमान र भावी पुस्ताका लागि कुनै नेता प्रेरणाका स्रोत बन्न सफल भएनन् । जनता मात्र निर्वाचित सरकार जन्माउने अजिव लाग्ने चुनावी कारखाना बनेका छन् ।

२०३७ सालमा जनतालाई बहुदल चाहिएको हो कि पञ्चायतको सुधार भनेर जनमत सङ्ग्रह गराउने राजाले २०४६ सालमा दलमाथिको प्रतिवन्ध हटाइदिए । दुबै पल्ट राजा भारतले नेपालको सुरक्षा र परराष्ट्र माँगेको थियो, राजा जनतासँग झुके । स्वराज जोगियो । स्वाधीनता बाँच्यो । तर हाम्रा नेताहरूले कालापानी, लिपुलेक, लिम्पियाधुरामा भारतीय शासन स्थापित भइसक्दा पनि बोल्न सक्दैनन् । नेपालको स्वराज पराधीन बनाए ।

२०५२ साल फागुन १ गतेदेखि १० वर्ष लामो जनयुद्ध सुरू गर्ने माओवादी दिल्लीमा १२ बुँदे सम्झौता गरेर जनआन्दोलनमा मिसिन आइपुग्यो । यसपछि बहुदलको नाम फेरेर लोकतन्त्र राखियो । यतिखेर पनि भारतले नेपालमाथि प्रत्यक्ष नियन्त्रण खोजेको थियो, २०६३ साल वैशाख ११ गते राजाले संसद पुनर्स्थापना गरिदिएपछि एकपल्ट फेरि स्वराज बाँच्यो, स्वाधीनता जोगियो । त्यसपछि लोकतान्त्रिक नेतृत्वले देशलाई मैनबत्ती पग्लेसरह पगाल्दै लगेका छन् ।

राजतन्त्रलाई किनारा लगाएर धर्मनिरपेक्षता र संघीयतासहितको संविधान जारी गरियो । यो संविधान दुई आवधिक निर्वाचनपछि नै कागजको खोस्टो बनिसक्यो ।

परिवर्तन हामीले ल्याएका हौं भन्ने महारथीहरूकै शासन छ, तिनले ल्याएको पद्धति नै चलेको छ, जारी गरेको संविधान छ तर देशका लागि सतिसालको मूलथाम बनेर नेतृत्व चट्टान जसरी उभिन सकेनन् । २०६२ सालको १२ बुँदे दिल्ली सम्झौताले आतंककारी र प्रजातान्त्रिकतालाई बनाएको रसायन भनेको लोकतन्त्र हो, जति पनि नाङ्गिन सक्ने, नङ्ग्याउन सक्ने, देश र जनतालाई नाङ्गेझार पार्न सक्ने लोकतन्त्र बन्यो । यो समाजवाद र सर्वहारीवाद दुबै सत्ता र सम्पत्तिका लागि मिल्न सक्छन्, समाजवाद र समाजवादको बाटो क्रान्ति सम्भव छ भन्न पनि सक्छन् र भ्रष्टाचारको एउटै कुण्डमा सँगसँगै डुबुल्की मार्न पनि सक्छन् । यिनले भनेको समृद्ध नेपाल, सुखी नेपाली भनेको आफू आफू सदावहार भ्रष्ट राजनीतिमात्र हो । यस्तो राजनीतिले देश लुट्छमात्र, जनता लुट्छमात्र । केही दिंदैन । लोकतन्त्रको दृश्य यही हो ।

धरातलीय यथार्थ भनेको परिवर्तन भयो, संक्रमणकालीन न्याय स्थापित गर्ने ल्याकत प्रमाणित गर्न सकेनन्, अति राजनीतिक स्वार्थमा लिप्त बनेर विधिको शासन भताभुङ पारिदिए । संविधान, संसद, सरकार, संवैधानिक निकायहरू असफल भइसक्यो, जवाफदेही हुन कोही तैयार छैनन् । राजनीतिलाई व्यवसाय बनाइयो, लेनदेनमा चलाइयो, हरेक कुरा किनबेच हुनसक्ने देखाइयो, जनताप्रति जिम्मेवार कोही हुन चाहेनन् । लोकतन्त्र भनेको चुनाव हो, जसरी पनि चुनाव जित्ने र लोकतन्त्रलाई खोरिया बनाएर फाँड्नेहरू आफूलाई देवताको अवतार ठान्छन्, यस्ता दुशासन प्रवृत्ति सुध्रन्छ कि भनेर नागरिक अझै आशावादी छन् । यही राजनीतिक कमजोरीमा शक्तिराष्ट्रहरूले नेपाललाई शक्तियुद्धको अखडा बनाइदिए । यतिखेर रूस र अमेरिका, अमेरिका र चीन, चीन र भारतको बाहुबली अखडा बनिसकेको छ नेपाल । राजनीतिमा अपराधिकरण मिसाएपछि हुने असफलता नै रहेछ ।

विवेक भएकाहरू बोल्दैनन् । बुद्धीजीवीहरू मौन बस्छन् । संसदमा समेत आइएनजीओ छिरेको छ । अदालत यस्तै छ । आमनागरिक जो देशप्रति नतमस्तक छन्, ती कमजोर हुँदै गएका छन् । लोकतन्त्र पोंगटे धानबालीजस्तो लाग्छ, खूब हल्केको छ, धानभित्र चामल छैन, कनिकामात्र छ । भएका उद्योग बन्द गर्ने, नयाँ उद्योग स्थापना नै नगर्ने, युवायुवती निकासी गरेर रेमिटान्स अर्थतन्त्रमा सिमित हुनपुगेको नेपालको आर्थिक मेरूदण्ड भाँच्चिसकेको छ । जुन देशको बजेट १६ खर्बको हुन्छ र व्यापार घाटा २२ खर्ब पुग्छ अनि प्रतिव्यक्ति वैदेशिक ऋणभार लाख पुग्ने अवस्थामा छ, त्यो देश भनेको नेपाल हो । लोकतन्त्र आउँदा भाग्योदय ठानिएको थियो, निराश पारिदिए नेताहरूले । नेपालका लागि परिवर्तन दुर्भाग्यमात्र भयो । बिस्तारै नेपालको स्वाधीनता र स्वराज मर्दै गएको छ ।


भूराजनीतिको मैदान बन्यो देश । नेपालमा अमेरिका, रूस, चीन, भारत, युरोपियन को खेलिरहेको छैन ? परराष्ट्रनीतिमा नेपालले चिप्लिदै गएको छ । चिप्लिनु भनेको लड्नु हो, लड्नु भनेको स्वराज गुमाउनु हो । नेपाल पञ्चशील, असंलग्नताको सिद्धान्तबाट हट्दै गएको छ । नेपाल आफ्नो भूबनोट, भूराजनीति र सामरिक महत्वमा संवेदनशील हुन नसक्दा स्टेफन हकिङ्सले भनेझैं- तेश्रो विश्वयुद्ध नेपालबाट सुरू हुने खतरा छ ।


अमेरिकाले सडक र विद्युतको पूर्वाधार विकास गर्न दिने ५० करोड डलरको एउटै मुद्दामा नेपाललाई नेताहरूले यसरी फसाइदिए कि सम्बन्धमा समेत असर गर्‍यो । यस्तै छ रूस र भारतसँगको सम्बन्ध पनि । चीनको बीआरआईबाट नेपाल मिल्न, न भाग्न सकेको छ । यी शासक दलहरूमा कूटनीतिक क्षमता छैन । नेपालले भारत र अमेरिकालाई तह लगाउन चीनलाई गुहार्नु, चीनको बढ्दो प्रभावलाई रोक्न अमेरिकालाई बोलाउनु नेपालको कूटनीतिक दुर्वलता हो । समदूरीको सिद्धान्तमा नेपाल अडेको देखिदैन । नेपालका लागि हरेक मुलुक मित्र हुन् । हरेक सम्पन्न मुलुकको सहयोग र सद्भावमा नेपाल बाँचेको छ, चलेको छ, प्रगतिपथमा छ । यो यथार्थलाई आत्मसात गरेर दुबै क्षिमेकी र प्रत्येक मित्रराष्ट्रका आँखामा योग्य र आत्मीय मित्र सावित गर्नसक्नु नेपालको परिवर्तनको सार्थकता हुनसक्थ्यो । यो राष्ट्रिय आवश्यकतामा वर्तमान परिवर्तनधारी नेतृत्व दिनदिनै नीतिगत विभाजनमा फस्दै फस्दै चुक्दैजाँदा नेपालको स्वराज र स्वाधीनता नजोगिने हो कि ?

भएको नीतिमा अड्न सकेन, परिवर्तनपछि नेपालले राष्ट्रिय मूल नीति निर्माण नै गर्न सकेन । राष्ट जनता हुन्, जनतालाई केन्द्रमा राखेर मूलनीति निर्माण गर्न अघि नसर्ने भिन्न भिन्न राजनीतिक नेताहरू जनतालाई नै विभाजित र भ्रममा पारेर राष्ट्रिय मुद्दाहरूमा फरक फरक धारणा व्यक्त गर्छन् । यहीकारण एउटा नेता नेपाल राष्ट्रमा बहुल राष्ट्र देख्छ, अर्को देश टक्र्याउनुपर्छ भन्छ, एक नेता अर्कोलाई विदेशी एजेण्ट देख्छ, एमाले कांग्रेस एमसिसीमा राष्ट्रघात छैन भन्छ, बीआरआईमा एकमत छैन, सत्तारूढ अरू ४ घटक विरोधाभाषमा बस्छन्, प्रतिपक्षी यथास्थितिमा पास हुँदैन भन्छ । यो सबै राष्ट्रिय नीति नहुनु र राजनीतिक छुवाछुतको परिणाम हो । अचम्म त के पनि छ भने एकथरि अमेरिकाले चीनलाई घेर्ने रणनीति एमसिसी हो भन्छन्, अर्काथरि अमेरिका विकासको पार्टनर हो भन्छन् । बीआरआई ऋणको पासो भन्नेहरू पनि छन् । चीनका राष्ट्रपतिले भनेका थिए 'चीनविरूद्ध षडयन्त्र गर्नेलाई धुलोपिठो पारिने छ' भनेको पनि सुनिएकै हो । नेपाल अन्यौलग्रस्त हुँदै गएको छ ।

हिजो नेपालले सयौं मुलुकसँग सहयोग लिएको थियो, ऋण, अनुदान लिइरहेकै छ । हिजो विवाद थिएन, आज किन विवाद छ ? यसकारण विवादको जरोमा राष्ट्रिय बहस हुनुपर्छ, राष्ट्रिय सहमति हुनुपर्छ, पार्टीहरू यता लहसिने कि उता टाँस्सिने प्रश्न उठ्नु हुँदैन । राष्ट्रिय आवश्यकता हो होइन, जनतालाई लोकतान्त्रिक दलहरूले प्रष्ट पार्नुपर्छ, विदेशी सहयोगको राजनीतिक रणनीतिको जाँतोमा जनतालाई सडकमा लडाइनु, मार्नु हुँदैन । योग्य नेतृत्वले लोकलाई लडाउने, भिडाउने र लड्डु लडे झिल्ली झडेजस्तो मार्ने कुकर्म गर्न सक्दैन । राजनीति अधर्म बन्न हुँदैन । राजनीतिमा निर्णय क्षमता हुनुपर्छ । नेपाल र नेपालीको हितमा के कसो गर्दा फरक पर्दैन विचारणीय प्रश्न हुन् ।

हाम्रो राजनीतिक क्षमता अब जनस्तरसम्म चासोको विषय बनिसक्यो । बहस गरौं, निष्कर्ष निकालौं । अग्निपरीक्षाबाट सफलता देखाऔं ।



# पूर्वराजाका सन्देश आउँछन्, परिणाम आउँदैन

## दलहरूले राजतन्त्र राख्ने सहमति गरेका थिए




केही बर्ष अघि पूर्वराजा ज्ञानेन्द्र शाहसँग न्युज २४ टेलिभिजनका लागि प्रेम वानियाँले लिएको चर्चित अन्तर्वार्ताका केही अंशहरू-

*हरेकजसो जमघटमा धार्मिकस्थलमा गुञ्जिएको आवाज थियो कि हाम्रो राजा हाम्रो देश प्राणभन्दा प्यारो छ, राजा आउ देश बचाउ भन्नेहरूलाई यहाँले के भन्नु हुन्छ ?*

त्यो विचारलाई पनि हामीले कदर गर्नुपर्छ जस्तो लाग्यो । पश्चिमाञ्चलमा मात्र होइन हामी जहाँ गएपनि यो आवाज सुनेको र गुञ्जेको होइन, अरू ठाउँमा पनि यस्तै कुरा सुनेकै हो । अब त्यसलाई प्रजातान्त्रिक ब्यवस्थामा सबैको बोल्ने, भन्ने र प्रकट गर्ने अधिकार हुन्छ । यो एक समूह छ भनेर सबैले मान्नु पर्छ ।

*यो समूहलाई के भन्नु हुन्छ जसले राजा आउ देश बचाउ भनेका छन् ?*

अब भन्ने त के छ र ? मैले कदरै गऱ्या छु, उहाँहरू माझमा आएर यसो भेटघाट मिलजुल गरेको मा नी । अहिलेलाई पर्याप्त छ की भन्ने जस्तो मलाई लाग्छ ।

*तपाई देशैभरका धार्मिक पीठहरूमा भगवानसंग भेट्दै पूजा गर्दै हिड्नु भएको छ, तपाई जताततै भगवानको पूजाआजा गर्दै हिड्नु भएको छ, भन्न मिल्छ भने के माग्नु हुन्छ भगवानसँग ?*

भन्न मिल्छ । जहाँ गएपनि जुन पीठमा गएपनि, जुन मन्दिरमा गएपनि एउटै कुरा मैले माग्या छु : देशमा शान्ति होस्, देश विघटन नहोस्, एकता कायम रहोस्, यही प्रार्थना जुनै पनि पीठमा मैले गएर गर्ने गऱ्या छु ।

*किन यही नै माग्नु हुन्छ तपाई ? देशले त यहाँको राजनीतिक ब्यवस्था, वातावरण सबै कुराले ज्ञानेन्द्र शाहलाई धोका दिएको हो नि ?*

त्यो शब्द तपाईंको हो, मेरो होइन । मलाई त त्यस्तो लाग्या छैन । तपाईंको शब्द हो त्यो । मलाई त कस्तो लाग्या छ भने जनताले नारायणहिटी एकचोटी छाडेर हेरन भन्या जस्तो पो लाग्या छ । हाम्रो माझमा आएर एकचोटी हिडिदेउ, बसीदेउ, भन्या जस्तो पो लाग्यो । अरूले एकचोटी चलाएको हेरन भन्या जस्तो पो लाग्या छ । तर त्यो छाड्दा खेरी पनि मैले केही केही कुरा गऱ्याथें । त्यो स्पष्ट छ । देशमा एकता कायम होस् र यो देश छाडेर म जाने होइन, भनेर मैले केही स्पष्ट बुँदाहरू त्यो समयमा पनि राख्याथें । त्यो मेरो राष्ट्रियताको भावना भनौं । अहिले आएर कतै न कतै मिल्न गएको कि यस्तै कुरा मैले देख्याथें यस्तै हुनजाला भन्ने । यही कुराहरू पनि खल्बलिएला, यी कुराहरू कमजोर होला भनेर नै मैले त्यो समयमा यी कुरा गऱ्याथें जस्तो लाग्छ । अहिले त्यो सावित हुन गइराख्या छ । अहिले देशको स्थिति पनि यही कुरा ध्यानमा दिनुपर्ने छ । ब्यक्ति भन्दा राष्ट्रलाई नै ध्यानमा राखेर महत्व दिनुपर्छ ।

*त्यस्तो भैरहेको छ अहिले ?*

भा छैन । त्यही त म भन्दै छु नी । त्यो समयमा नै मैले भनिसक्या रैछु यस्तो कुरा होला विचार गर्नुस् र यदि कुराहरूमा म यही बसेर जुनसुकै बखतमा वा समयमा वा परिस्थितिमा म यी कुराहरूलाई जोड्न बचाउन एकीकृत राख्न समर्पित छु भनेर त्यही समयमा भनिसक्या छु ।

*तपाई धार्मिक भ्रमण भन्दै हिडिरहेका बेला केही राजनीतिक दलहरूले पूर्व राजा ज्ञानेन्द्रले जनतालाई अफिम खुवाउँदै सम्म पनि भन्ने गरेका छन् । के धर्मको आड लिएर तपाई केही बनाउदै हुनुहुन्छ ?*

सबैभन्दा पहिला अफिम भन्या के ? मलाई त्यो पनि थाहा छैन । उहाँहरू कुन उद्देश्यले यो शब्द प्रयोग गरिरहनु भएको छ । त्यो पनि थाहा छैन । मेरो शुद्ध विचार सोध्नु हुन्छ भने : बोलावट नै मलाई सर्वसाधारण दाजुभाई दिदिबहिनीहरूले मन्दिरमा आइदेउ पूजापाठमा सहभागी भइदेउ भनेर म हिड्छु । उहाँहरूले त्यो मौका छोपेर मलाई भेट्ने गर्नुहुन्छ । उहाँहरू कसरी समय मिलाएर मलाई भेट गरिरहनु भएको छ त्यो मैले ख्याल गर्ने कुरा होइन । त्यो उहाँहरूको जिम्मा राख्याछु । त्यसैले अब कसले के भन्छ, कुन शब्द प्रयोग गर्छ, कस्तो विचारले नियतले गर्छ त्यो मेरो सरोकारको कुरा होइन ।

*अन्य दलका मानिसहरूले के भनेका छन् भने पूर्वराजाले सडकमा धेरै मानिस उतारे भनेर प्रश्न गर्छन् । तपाई धेरै मानिस सडकमा उतारेकै हो ?*

हा..हा...खै अब उहाँहरूको मनस्थिति के भा छ कि उहाँहरू किन तर्सनु भाको छ । मैले साँच्चिकै उतार्न खोजेर उतार्या भए यो भन्दा धेरै भन्दा धेरै तपाईले देख्नु हुन्थ्यो । त्यो विचारले म हिड्या छैन ।

*के त्यसो भए यहाँ चाही देशका जनताको माया पाएका वीच आफ्नो दायित्व देखाउनुहुन्छ ? वा मौन चुपचाप पूजापाठ गर्दै हिड्नुहुन्छ ?*

हाम्रो धेरै जसो देवताहरू ढुंगाको हुन्छ । चुपै लागेर बस्छन् । कुन समयमा जनताले उठ भन्छ, जनताले समय भयो भन्छ, केही न केही गर्नुपर्छ । त्यो समयमा ढुंगा बोल्छ । हेर्दै जाउँ ।

*अलिकति खुलेको जवाफ खोजे ?*

हा..हा...यो अघिनै भनिसके समय भाको छैन । ..एउटा निकास त खोज्यो नी । जनताले अल्टरनेटिभ पनि राजसंस्था हुनसक्छ भन्ने म्यासेज दिएको हो की ।

*नेतृत्व दिन तयार हुनुहुन्छ ?*

जनताले भन्यो भने यस् । त्यो मेरो राष्ट्रिय धर्म नी हो । मैले निर्वाह गर्नुपर्छ ।

*नेतृत्व दिन अवस्था आएमा के के गर्नुहुन्छ ?*

सबैभन्दा पहिला राजनीतिक स्थिति एउटा देशलाई सुहाउने खालको पद्धति ल्याउनु पर्यो । त्यसपछि अहिले कुन क्षेत्र विग्रेको छैन । तपाईले पनि सुन्नु भएको होला विभिन्न दोषारोपण लाग्याछ, यो भएन त्यो भएन आर्थिक सामाजिक धार्मिक यस्ता यस्ता हाम्रा जुन कुराहरूले देशलाई एक बनाएर राखेका स्तम्भ थिए अहिले खल्बलिएको छ । त्यो जग बनाउने समय आउन लाग्यो । आउनै पर्छ । नत्र भने हामीले चिनेको हामी सानोमा हुर्केको देश रहन्न । र, छैन पनि अहिले । यही त यहाँ अप्ठेरो भइराखेको छ

*राजनीतिक दल र तत्कालीन राजसंस्थावीच त्यस्तो केही सम्झौता भएको थियो ?*

हा..हा..हा...तपाईको त्यो इच्छा पनि म पूरा गरिदिन्छु । त्यो समयमा धेरैपटक तात्कालीन ७ दलसँग लिखित आदानप्रदानको दोहोरी चलेको थियो । शब्द शब्द केलाईकन कागजको आदानप्रदान भाथ्यो । कतिपय हाम्रा नेताहरू अहिले पनि जीवितनै हुनुहुन्छ ती कागजमा जस्का हस्तलिपीहरू छन् । बुँदाहरू धेरै थिएनन् । स्पष्ट थियो । जुन सबै नेपालीले बुझिसक्या छ । जे जे माग्नु भाथ्यो मैले गरें । कतिले मलाई दोष लगाएर गुर्नहुन्थेन गर्न नहुने काम गर्यो भनेका छन् । तर देशमा जसरी भएपनि शान्ति आओस् र दलहरूले त्यो दायित्व लिन्छन् भने मलाई अप्ठेरो थिएन । त्यही अनुसारले मैले त्यो सम्झौता बमोजिम गरिदिएको हुँ ।

*राजसंस्थाको बर्हिगमन त्यसमा हस्ताक्षर गर्नुभयो ?*

छैन त्यो कुरै छैन । कसरी यहाँबाट उठ्यो । त्यो हामीसँग भएको सम्झौतामा कतैपनि छैन ।

*त्यसबेला सहमतिमा राजतन्त्र र बहुदलीय ब्यवस्था रहने भन्ने थियो ?*

डेफिनेटल्ली थियो ।

*यहाँ यस्तै हेरिबस्नुहुन्छ ?*

अब हेरेर बस्नु पर्यो ।

*समयसीमा हुन्छ कि ?*

हुन्छ । हुन्छ होला ।

(साभार)

# राज्यपद्धति र प्रणाली पुनरावलोकन हुन जरूरी

पूर्व श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट ३०१औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा वक्सेको शुभकामना ।

छिन्न भिन्न विभाजनमा परेको नेपाल राष्ट्रको एकीकरण गरेर सिंगो र सवल आकार दिने श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाह नेपाली इतिहासमा सदा स्मरणीय होइबक्सन्छ । नेपालमा एकता, अखण्डता, सामाजिक सद्भाव र सार्वभौमिक सर्वोच्चता दुर्लव हुदै गएको यो समयमा राष्ट्रिय एकता दिवसको सान्दर्भिकता थप बढेको छ । हामीले श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहका दिव्योपदेशहरूलाई आत्मसाथ गर्दै मौशुफले दर्शाइवक्सेको मार्ग दर्शनलाई अनुसरण गर्न सकेमा मात्र हाम्रो इतिहास र भविस्य तथा नेपालीको स्वाभिमान सुरक्षित एवं संरक्षित हुन सक्छ भन्ने विश्वास लिएका छौं ।

बर्तमान अवस्थामा हामी धेरै नै पराङमुखी, परनिर्भर र परावलम्बी हुदै गएका छौं । राष्ट्रको माटो, प्रकृति र आफ्नै प्रकारको प्रगति हाम्रा निम्ति प्रिय हुनु पर्दछ । हामी चाहन्छौं- देश आफ्नै बाहुबलमा अघि बढोस, राष्ट्र आफ्नै मौलिक मान्यतामा आघि बढोस, सबै यत्न-प्रयत्न गतिविधी आफ्नै शैली ढाँचा तथा प्रकृयाबाट अघि बढोस । राष्ट्रियता बिनाको प्रजातन्त्र कागजी सिद्धान्त मात्र हुन्छ भन्ने हामीले ठानेका छौं । सेवा र सुरक्षा दिन नसक्ने प्रजातन्त्रको जुनसुकै नाम र आवरणमा अभ्यास गरेपनि यसबाट राष्ट्रमा सुख हुन सक्ने छैन । विचार, आदर्श र सैद्धान्तिक निष्ठा भन्दा अंक तथा आकार प्रकारमा हाम्रो राजनीति आलमलिएको छ । त्यसैले राज्य पद्धति र प्रणाली सहि प्रकारले पुनरावलोकन हुनु आवस्यक देखिन्छ ।

राजनीतिक उतार चढावप्रति निरपेक्ष रहनु नेपाली राजसंस्थाको मौलिक विशेषता हो । राष्ट्र, राष्ट्रियता र जनहितप्रति समर्पित रहदै समन्वयकारी जिम्मेवारी पुरा गर्न शाहवंशीय राजसंस्था कहिले चुकेको छैन । हरेकका आ-आफ्ना राष्ट्रिय अवधारणा, अनुभुति र चासो चिन्ताका विषय सुन्न, बुझ्न हामी सदैव तत्पर रहेका छौं ।

जय नेपाल । २०७९ पुष २७

# पराधीनता र परनिर्भरताले आत्मग्लानी भयो



पुस २७ गते । पूर्व राजा ज्ञानेन्द शाहबाट नेपाललाई शान्तिथलो बनाउन आग्रह गरिएको छ । आफ्ना पूर्वजले देशले शान्तिक्षेत्र प्रस्ताव गरेर संयुक्त राष्ट्र संघबाट पारित भएको स्मरण गर्दै ३०३औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा शुभकामना सन्देशमा भनिएको छ- नेपाल कसैको रणमैदान होइन, शान्तिथलो बनाऔं । साझा घर नेपाल, साझा थर नेपाली भन्ने विचार राख्दा नै राष्ट्र निर्माताको आकांक्षा पूरा हुन्छ भन्ने हाम्रो धारणा हो । ..विश्व साम्राज्य कसैको अधिनमा थियो । संसारमा अधिकांश देशहरूले औपनिबेशिक नियति भोग्दै थिए । थुप्रै साना देशहरूले अस्तित्व र पहिचान गुमाउँदै गर्दा साम्राज्यका आँखै अघिल्तिर एउटा देश खडा गर्ने सानो चुनौती थिएन । पथ्वीनारायण शाहले तितरबितर भएर छरिएका र स-साना भूखण्डमा विभक्त भएका ने पाललाई ठूलो प्रयासबाट एक सिंगो र सबल राष्ट दिएको जिकिरसमेत पूर्वराजा शाहबाट गरिएको छ । 'राष्ट्र निर्माताको स्मरण गर्दा हाम्रो ध्यान त्यता जानुपर्छ । समृद्धिको बाटो, अवलम्बन गर्नुपर्ने चनाखो वैदेशिक दृष्टिबाट राष्ट्र निर्माताले स्पष्ट निर्देशन गरेको बाटोतर्फ हिँड्नुपर्छ,' सन्देशमा भनिएको छ, 'नेपाल कसैको रणमैदान होइन, शान्तिथलो बनाऊँ । साझा घर नेपाल, साझा थर नेपाली भन्ने विचार राख्दा नै राष्ट्र निर्माताको आकांक्षा पूरा हुन्छ भन्ने हाम्रो धारणा हो ।'

पूर्वराजाबाट देशको आन्तरिक एकता र अविच्छिन्न राष्ट्रिय अस्मिता रक्षाका सूत्र दिव्योपदेशबाट प्राप्त भएका, चार वर्ण छत्तीस जातको फूलबारी नेपाल भएको चर्चा गरिएको छ । शाहबाट नेपाल मौलिक अर्थव्यवस्था, सामाजिक व्यवहार, राजनीतिक सुरक्षा, न्याय, कूटनीति भएको देश भन्दै यसका लागि बाहिरी मुलुकबाट आएको वैचारिक विवाद आवश्यक नरहेको तर्क पनि गरिएको छ । पूर्वराजाबाट भनिएको छ, 'हामीसँग मौलिक अर्थव्यवस्था, सामाजिक व्यवहार, न्याय, कूटनीति हुँदाहुँदै परायाबाट सिर्जित वाद र विवादको चक्रव्यूहमा किन फस्यौं भनी आत्मसमीक्षा गरौं ।

राष्ट्रियता सहितको पूर्ण प्रजातन्त्र नै बडामहाराजधिराजको विचार थियो । सबै संस्कतिहरूको सम्मान गर्दै उनीहरूको संरक्षणं गर्ने, प्रकृतिको सुन्दर भण्डारलाई सबै मिलाएर समुन्नत बनाउनु पर्छ ।' पूर्वराजा शाहबाट खास टिप्पणी नगरे पनि देशमा पराधीनता र परनिर्भरताले आत्मग्लानी सिर्जना गरेको गुनासो गरिएको छ । पूर्वराजाको सन्देश विश्वास गुमाउँदै गएका नेताहरूलाई सबक हो ।

# भुइँचालोको कम्पनका कुरा



सुरेशकुमार पाण्डे

नेपालको राजनीतिमा सधैं भुइँचालो गइरहन्छ । नेपालको इतिहास नै ढाल तरवारको इतिहास हो, अहिले पनि भुइँचालोको तरङ्मा छ नेपाल । राजनीतिमात्र होइन, नेपालको भूबनोट नै यस्तो छ कि जहिले पनि प्राकृतिक भूइँचालो जानसक्छ ।

प्राकृतिक कम्पनका कुरा गर्दा नयाँ सन २०२५ को पहिलो सातामै भुकम्पको सुरूवात भएको छ । ७ जनवरी २०२५ मा तीन देशहरू हल्लाउने गरी तिब्बतलाई केन्द्रबिन्दु बनाएर भूकम्प गयो । चीनको तिब्बतमा धेरै जन धनको नाश भयो । नेपालमा पनि कयौं मानिस घायल भए ।भारतको सिक्किमा पनि नोक्सान् भयो । तीनवटा देशका कतिपय ठाउँमा एकै चोटी आएको भूमकम्पबाट तिब्बतमा ठूलो क्षती भयो र धेरै मानिसहरूले अकालमै ज्यान गुमाएका छन् ।

भूकम्प नामक प्रकृतिक घटना किन र कसरी हुन्छ ? यसबारेमा भूगर्वविद्हरूको खोजविन चलिरहेको छ बिना प्रमाण ठ्याक्कै भन्न गारै हुन्छ । प्याच्च भन्न सकिन्छ, यो त हुनुनै थियो । संसारमा पाप पढेको छ त्यसैको परिणाम भूकम्पलाई ठान्छन् । उनिहरूले कोरोनाकालमा पनि पाप बढेर निम्तिएको बताउँथे । पाप र धर्मका कुरालाई जोडेर हामी सही ठाउँमा कहिल्यै पनि पुग्न सक्दैनौं । वास्तबमा सामाजिक राजनीतिक खिचलो हेर्दा यस्तो हुनसक्छ भन्न सकिन्छ । भ्रष्टाचार चुलिएको छ, महंगी बढेको छ । अपराधहरू बढेकै छन् र भन्नेहरूले पनि मौका पाएकै छन् ।

तर वैज्ञानिक भूगर्वविधहरूलाई निद्रा लाग्दैन उनीहरू यसबारेमा खोजविन गर्छन् । आखिर सही केहो त ? कसरी यस्तो बिनासकारी गतिबिधीलाई आंशिक भएपनि रोक्नसकिन्छ । उनिहरू चिन्तित् छन् । संसारका चेतनसिल प्राणिहरूको निन्द्रा हराएको हुन्छ । जतिवेला प्राकृतिक घटनाहरू आइपर्छन् । मानिस भएपछि कुनैपनि बिषयबस्तुको सतहसम्म पुगेर सत्य तथ्यको पत्ता लगाउने प्रयत्न गर्नैपर्छ । मानव जाती सचेत प्राणीहरू अन्धबिस्वास बन्नुभन्दा सही केहो त्यसबारेमा सचेत हुनुपर्ने हुन्छ । अनुसन्धान् गरेर आउने दिनमा क्षति रोक्ने प्रयत्न गर्नुपर्छ ।

आखिर यो विनासकारी भूकम्प केहो ? यो भूचाल एकप्रकारको जमिनको आन्तरिक तरङ्ग नै हो । पृथ्वीको सतह हल्लिनु नै भुकम्प आएको मानिन्छ । कतिपयले माछोले काँद फेर्दा यस्तो हुन्छ, कतिपयले इश्वरको देन हो आदि इत्यादी तर्कवितर्कहरू गरेर कर्तव्यबाट पञ्छिन खोज्छन् ।

वास्तबिकरूपमा भूकम्प शब्दको अर्थ हो पृथ्वीको कंपन अर्थात तरङ्ग । यो प्राकृतिक वा मानविय दुबै कारणबाट हुनसक्छ । कतिपय निम्न कारणहरू पनि हुनसक्छन् । ज्वालामुखी क्रिया, भू सन्तुलन् सम्बन्धि समायोजन, प्लेटोको गतिसिल्ता, तथा विनसन, भू पटलको संकूचित हुनु, अभ्यान्तारिक गैसको मात्रामा वृद्धी, जलिय भार, पृथ्वीको आफ्नो कक्षामा घूर्णन, परमाणु बमको परिक्षण/बिस्फोट, उत्खनन्, फडानी आदी पनि यसका कारक हुनसक्छन् । भनिन्छ प्रशान्त महासागरको किनारामा दुनियाको ८१% भूकम्प हुन्छ । त्यस्तै भूमध्य सागर र अटालान्टिकमा फैलिएको एरियामा १७% भूकम्प आउँछ । पृथ्वी भित्रको जलवायूको परिणामबाट पनि जमिनमा बिस्फोट हुनु ग्यासहरू वा ज्वालामुखी फुटेर निक्लेको लेदोले भित्रभित्रै असंतुलित अवस्था सिर्जना हुनु पनि भूकम्पका श्रोतहरू हुनसक्छन् । यो पृथ्वीको स्थलमण्डल (लियोस्फीयर)मा ऊर्जा आकाश्मिक मुक्त भएपछि उत्पन्न हुनेवाला भूकम्पिय तरङ्गकै कारण हुन्छ । यस्को मापन यन्त्र सीस्मोग्राफद्वारा मापिन्छ ।

जापान पनि दुनियाको सबैभन्दा भूकम्पिय क्षेत्र मध्यको एक हो । पृथ्वीमा भूकम्प आइनै रहन्छ । तृवर्ताको हिसाबले चिलीमा सबैभन्दा शक्तिशाली भुकम्प सन् १९६०मा आएको थियो । रिएक्टर स्केलको हिसावले ९.५ मापन गरिएको थियो । जस्मा ६ हजार भन्दाबढी मानिसहरू मारिएका थिए । जो एक हजार एटम बमको बराबर शक्तिशाली थियो । त्यस्तै ३ अप्रेल २०२४ ताइबानमा २५ वर्ष यताको शक्तिशाली भूकम्प आएको थियो । यसरी पृथ्वीमा लगातार आइ रहने भुकम्पबाट ठूलो जन धनको क्षति हुँदै आएको छ । तरपनि यसलाई रोक्न सकिएको छैन ।

नेपालमा वि.स. १९९० माघ २ गते, २०४५साल भदौ ५ गते, २०७२ बैशाख १२ गते आएका भूकम्प ठूला थिए । यी भूकम्पहरूबाट धेरै क्षेति भएको देखिन्छ ।

इतिहाशमा भूकम्प विस.१२१८ बाट रिकार्ड गरिएको देखिन्छ । त्यो भन्दा पनि पहिले थुप्रै भूकम्पहरू आएकै होलान । रिकार्ड नभेट्टिएको हुनसक्छ । १२१८ असारमा ७.७ रेक्टर स्केलको भूकम्प गएको बताइन्छ । यो भूकम्पमा राजा अभय मल्लको निधन भएको थियो । यो भूकम्पबाट काठमाण्डौका एक तिहाई जनता प्रभाबित भएका थिए । भनिन्छ स्थानिय बासिन्दाले पन्द्र दिन देखि महिना सम्म सहर छाड्नु परेको थियो । वि.स.१३१६ मा दोस्रो ठूलो भूकम्प आयो जसले देशमा माहामारी र अनिकाल परेको थियो । वि.स.१४६५ मा रातो मछिन्द्रनाथको मन्दिर सहित दर्जनौ मन्दिर ढलेका थिए । जमिनमा ठूलठुला खाडल भए जसले पानीका मुहान समेत बदलदिए । हजारौं घर भत्किएका थिए । १७३७ साल रातीमा ठूलो भूकम्प गयो । जसले ठूलो बिपत्ती निम्तायो । वि.स.१८२४को असार १ मा पनि ठूलो भूकम्प गयो । त्यो दिन दुइपटक भूकम्प गयो । वि.स.१८६७ जेष्ठ १०मा पनि भुइचालो आयो । त्यो वेला काठमाण्डौ र ललितपुरमा ठूलो मानविय क्षेति नभएपनि मठ मन्दिरहरू प्रसस्तै भत्किएका थिए । वि.स.१८८० मा सातवटा ग्रह छुट्टिंदा भूकम्प गएको भन्निन्थ्यो । एकैदिनमा १७ पटक भूकम्पको झट्का लागेको थियो ।

विस.१८९० भदौ १२ गते साँझ ६ बजे र राती ११बजे भूकम्प गयो । हनुमान ढोका भित्रका भण्डार खालमा राजाहरूले र टुंडिखेलको खुला चौरमा जनताले रात काटे । काठमाण्डौका दुइवटा धरहरा मध्ये एउटा पुरै र आर्को आधा ढल्यो । महिना दिन नपुग्दै असौजमा फेरी आर्को भूकम्प आयो । एक वर्ष पछि वि.स.१८९१ असारमा र असौजमा दुइ पटक गयो ।१९९०नेपालको इतिहाशमा सबैभन्दा बिभत्स र विनासकारी भूकम्प माघ २ गते आएको भनिन्छ । चैनपूरलाई केन्द्र बनाएर आएको ८.४ रेक्टर स्केलको भूकम्पले देशलाई धेरै नराम्रो झट्का लाग्यो । उक्त भूकम्पमा परि तीनहजार ८५० पुरूष र चार हजार ६६९महिँला गरि जम्मा ८ हजार ५१९जना मारिएका थिए । यसैगरी सूदुर पश्चिमको वझाङलाई केन्दर बनाएर ६.४रेक्टर स्केलको भूकम्प जाँदा करिव २५ घर ध्वस्त भएकाथिए । ४६जना मारिए र सयौं चौपायको ज्यान गएको थियो । वि.स.२०४५साल भदौ ५गते बिहानै पौने पाँच बजे गएको ६.७ रेक्टर भूकम्पमा पनि ७५०जनाले ज्यान गुमाएका थिए । ६हजार ५सय भन्दा बढी घर भत्किएका थिए ।वि.स.२०६८ असौज १ गतेको भूकम्पमा पनि सय जनाले ज्यान गुमाए र २००जना घाइते भएका थिए ।

वि.स.२०७२ को बैशाख १२गतेको भूकम्पमा परि ८ हजार ५ सय ५६जनाले ज्यान गुमाए । यो भूकम्प ७.८ रेक्टर स्केलको मापिएको थियो ।

विश्वका कयौं देशहरू भुइचालोका पिडित छन् । तर उनिहरूले यो प्राकृतिको विनासकारी घटनाहरूलाई हलुङ्गोमा लिंदैनन् । हामी लापरवाही बढी गर्छौं ।

चुनाव लड्दा भाकल गर्ने, कोरोना रोक्न भाकल गर्ने, भुइचालो रोक्न भाकल गर्ने । आकासबाट पानी पार्नभाकल गर्ने । भेगुता भेगुतीको बिचमा बिवाहा गराइदिने जस्ता अन्धबिस्वासको भूमरिबाट कसरी मुक्ति पाइन्छ ? भूकम्प भनेको त पृथ्वी हल्लिनु हो । त्यसलाई ठटौले पारामा लिने कस्तो सोंच हो हाम्रो ? भूइचालो आयो भने केकती कारणले आयो भनेर अध्ययन गर्ने हो, भाकल गर्ने होइन ।

## In the context of the statue unveiling of late Radhe Shayam Kayastha Sir by Distinguished Respectable Educationist Professor George John in Pokhara

# A long left and heartfelt tribute to my late Pokhareli Best Friend Radhe Shyam Kayastha

### "An Exemplary Memorabilia of my passed days with Him (Part two )



**By Uttam Karmacharya**

1. Recapitulization

It was so nice to meet Respectable Professor George John Sir after long time as a chief guest for the unveiling program of the statue of Late Kayastha Sir . It was nice to observe honor extended to all invities with Red Khadaa to all guests with the photo of Kayastha Sir


It was also very good opportunities to meet Dr. Ramji Sharma the principal Of the school and college and welcome his informative welcome speech the program. He was kind enough to address 70 percent of my article woth reference to the life profile of Kayastha Sir. I am very proud of him regarding his love towards academic arena of Kaski district.

It was so nice to meet and Two Books writer Mr. Rabindra and liston his valuable keynote speech of two bboks on Late Kayastha Sir. I became more informative because of the Five six speakers regatding the academic profile of late kayastha Sir. It was also so nice to meetRespectable My old friend Balgopal Amatya and his family and the Family of Kayastha sir during program and join luncheon program including Rajesh Bhandari Sir and new friendly friends academic member of Director Raju Kayastha. A poem by small youngest grand children of Kayastha Sir was very interesting amd marvelous. Mr. Shankar Maghaiya was so happy in the distribution of Gorkha Express with my article about Kayastha Sir published on last 07 January 2025 Tuesday .

Book discussion on Kayastha Sir without writing Late RSKayastha Book of the same writer published in 13 days of Late Kayastha Sir. I was very honor with the invitation of The Karmacharya Society And Rotary club of Pokhara and 21 th RC Bhaktapur Souvenir handing over to AG of Kaski District. We also got chance to visit new Pokhara International Airport,PN Campus and Fewa lake with Bhaba because of his ever ready help extended to us during our visit Pokhara for four nights. We are very obliged to him and his family members and Parents –Amatya Sir and Bhauju . We are very thankful with the honor and hospitality of Amatya Sir family. Backed from Pokhara I am very happy getting opportunity to write present article of Kayastha Sir in the form of second part ( part two ) I am highly obliged to Respectable Editor of Gorkha Express for his kind understanding and support to publish my article around more than 46 articles in Gorkha express to date.

2. Preface

I still remember my mental traces of around 1962 meeting late Radhe Shyam Sir , late Ganesh Man Palikhe Sir and Late Surendra Shakya Sir, when they were studying in Kathmandu / I.Sc. from Public Science College and Trichandra College. We used to meet time to time in Trichandra College and our hired rooms ( Deraa ) in Kathmandu dress upped with white Kameja Surwal through late Krishna Gopal Shrestha of Banepa . Late Krishna Gopal was very good friend of them as Pokhareli friends. They used to travel in vacations to and from Phokhara through Royal Nepal Airlines. I still remember the airfare of those days of 1962s was around Rs. 23.75 Paisa when I / we travelled as a first Social Service Program / Student Group of Bachelors student of College of Education Kathmandu in Ghaachok and Arghaun VDC of Kaski District. During our visit to Pokhara we came to meet the late District Chairman Chandra Singh Ghale, Poet Bhupi Sherchan , Anchaladhish / Malla Zonal Chief, Lachhe bahadur




Gurung and Prithivi Narayan (PN) College staff including the founder Principal of PN College George John Sir in the college group meeting of the Social Service Group farewell session in 1962-64. Then, I came to know Bal Gopal Amatya Sir and late Ganesh Gurung Sir and late Radhe Shyam Kamaro Sir and late Bala Bir Singh Negi Sir among others latter on during my assignment to Pokhara Campus as an assistant professor of the College of Education Pokhara Bagar in 1965.

3. Respectful obligation to Bhauju Laxmi Maya Kayastha

I can never forget the kind hospitality of Respectable Bhauju Laxmi Maya Kayastha . I visited many times Mahendra Pool home for lunches and dinners. I can never forget Laxmi Confectionery Pashal with varieties of chocolates when their kids were very young as young as my kids Ujwol, Prajwol and Ujwola . Sanjeeva , Raju and Pratima were also so young at the age of Chocolate . We had family picnic in Begnaath Taal many years back including all three children of Kayastha family with my wife Madam Pramila Karmacharya . I also remember my visit to Begnaath and Rupaa Taal with Kayastha Sir after the marriage of Pratima when the family of Pratima was staying in Rupaa Taal area with her family / husband, Our Jwayi / son-in-law Rabi Shrestha.

My assignment to PN Campus as an Assistant Campus Chief of the College of Education / Education Faculty in 1966 when the Humanity Dean office was established in PN Campus Pokhara from Kathmandu with the first Dean of the Institute of Humanity Professor Dr. Parthibeshwor Pd. Timilshina . Respectable George John Sir was founder Campus Chief of PN Campus and late Radhe Shyam Kayastha Sir was my colleague as Assistant Campus Chief of the Faculty of Science under the Institute of Science ,TU Kathmandu Nepal Respectable Laxmi Bhauju Hardic Namaskar

4..Profile of Late Radhe Shyam Kayastha in Academic Faculties

We are very happy to know the role of late Radhe Shyam Kayastha Sir in Academic Faculties in different capacities . Late Kayastha Sir was appointed as Founder Professor of Botany in P.N. College (P.N. Campus) on Asar 16, 2026 and continued since the establishment of Science. ( up to 2061 Fagun); he worked as a Head of Department of Biology and then Botany (2030-2040), (2043-2061); Assistant Campus Chief in Science and Technology, and many different portfolios in P.N.Campus; Member of Faculty Board of Science and Technology T.U. (1996-2000) ; Chief Editor of First P.N. Campus Research Journal (1996), Adviser (1997-2000); Subject Expert in T.U. Service Commission, Kirtipur and P.N.Campus, Pokhara (from time to time); Campus Chief of Mount Annapurna Campus (2049-2057 B.S.); Founder Chairman, College of Education Managing Committee, Pokhara (2048 to 2061); Visiting Scientist in Rikkyo University from Nepal , Tokyo, Japan (April 1 to July 3,1998); Chairman, Science Subject Committee and Member; Faculty Board and Academic Council, Pokhara University; and Preparation Committee member of Pokhara University (1996 to 1998); and Member, Steering Committee of proposed Pokhara University (1987 to 1996). Before the demise of Kayastha Sir four years back, he was outstanding Chief Patron (2051/1994 ) and Principal (2059/2003 )of New Galaxy Higher Secondary School; Senator, Pokhara University(2066 )B.S. and Senior Advisor, Private Association of Higher Secondary School, Kaski. Pokhara (2067).B.S.

5. Social Activities:

· Secretary, P.N.College Pokhara Professor Association, Pokhara (2026-2030)

· Member, Gandaki Anchal Education Committee, Pokhara, Nepal (2030-2032)

· Member, Kaski District Education Service Commission, Pokhara (2030-2038 V.S)

· Member, Gandaki Boarding School Managing Committee, Pokhara (2030-2040)

· Chairman, Nepal UNESCO Club, Pokhara (2036-2-38), (2045- 2046

· Founder Director, Pokhara JAYCEES (1975)

· Manager, Chess Committee in the 1st National Olympic, Nepal.

· Member, Nepal Scout Council, Kaski, Pokhara (2037-2038)

· Viepal Family Planning Centre, Pokhara, Kaski (2037038)

· Member, Nepal Disabled and Blind ASSOCIATION central committee (2039 V.S).

· General Member, Nepal Cancer Society, Kaski District (2040- 2057)

· Member, National Election Observation Committee (1991), Nepal.

· Vice Chairman, Transparency International Nepal, Pokhara Group (2061), Founder Member (2059)

· Chairman, Private Association of Higher Secondary School, Kaski. Pokhara (2060 -2065).

Publications:

Research:

· Kayastha, R.S. and Sharma, S.N. (1986) - Individual and Combined effects of X-ray and EMS in Chiasma frequency in Capsicum annuum LXII Indian Science Congress, New Dehli, Abstract No.303, pp.210

· Kayastha, R.S. amd Sharma, S.N. (1987)- Foliar epidermal and stomatal studies in different cultivars of Capsicum annuum L., "MENDAL" Vol.: (2 and 3):170

· Kayastha, R.S. amd Sharma, S.N. (1988)- Karyomorphological studies of Capsicum spp. To ascertain their taxonomic affinities. Abstract No. BSNS 19 19:1 and Proceeding of First National Conference on Science and Technology. 283

· Kayastha, R.S. and Sharma, S.N. (1988): Sensitivity studies on Capsicum genotypes followingindividual and combined treatment with X-rays and EMS. Society of Cytologists and Geneticists, Second All India Conference on Cytology and Genetics (under Auspices of Kakatiya University), Warangle, Abstract 128: 68

· Kayastha, R.S. and Sharma, S.N. (1989): Individual and combine d effects o

· Kayastha, R.S. and Sharma, S.N. (1989): Individual and combined treatments with X-rays and Ethyl Methane Sulphonate on chiasma frequency in Capsicum annuum L. GEOBIOS 1:280.

· Thapa, C.B. and Kayastha, R.S. (1996): Weed Flora in Wheat Field in Pokhara Valley "Prithwi", a research publication of P.N.Campus, Pokhara Voll:1

· Thapa, C.B. and Kayastha, R.S. (2055 B.S.): Enumeration of weed in the Paddy Field of Pokhara Valley. "Prithwi", a research publication of P.N.Campus, Pokhara Vol. II and III:1

· Kayastha, R.S. (2055): Cytotaxonomic and Mutagenic Studies in Capsicum species. Abstract of Ph.D. Thesis, "Prithwi" A publication Research committee, P.N. Campus, Pokhara, Vol. II and III, 125.

· Lama, T.K. and Kayastha, R.S. (1999): Diversity of Citrus spp. In Pokhara Valley and its surrounding Areas. Proceeings of III National Conference on Science and Technology, RONAST, (March 8-11, 1999

*(Professor Dr. Uttam K. Karmacharya (Ph.D) presently working as a Board of Director of Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science. Prof. Dr. Karmacharya of Tribhuvan University was a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education, Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, The Philippines, SriLanka, Thailand, (Unesco Bangkok).Former Secretary General , National Resources Center for NFE (NRC-NFE) ACCU Japan / Nepal and Director, Center for Education for All (CEFA) Banepa Nepal; and Consultant Advisor of Banepa Municipality and Bhaktapur Municipaly)*

# Smash And Grab

*By Sunanda Datta Ray*

Lal did not answer, but apparently referred the Chogyal's resistance to New Delhi. Though the PO forwarded his complaint on 28 March, the palace was not told of it until three days later.

There were many reasons for the chief executive to act quickly. Judges who refused to support trumped-up charges or to help in the administration's vendetta against Sikkimese nationalists understandably annoyed him. But of more serious concern were efforts to prevent India's 35th constitutional amendment from being enforced in the kingdom. Rasaily had petitioned the courts that since the 1974 Act did not envisage parliamentary representation in India, or any change in the 1950 treaty, associate statehood had no validity and it would be illegal for the kingdom to send MPs to New Delhi. He asked that the chief executive, chief minister, assembly members, and administration be restrained from taking any action under the Indian constitutional amendment making Sikkim an associate state. In a second petition, Rasaily argued for a preventive injunction against the assembly, as there was reason to fear that it might violate article 23(2)(a) of the Act which forbade legislators to discuss or ask questions about the Chogyal and royal family.

The first hearing of these two cases was on 29 March. Hariomal had not had time to study the constitutional points raised in Rasaily's 18-page application. Ananda Bhattacharyya, the government advocate-representing Lal, Kazi, and the other defendants, also said he would like some more time; he, therefore, agreed to the judge's plan for an interim order to maintain the status quo until both had been able to examine the submission. But Bhattacharyya was suddenly called out of the courtroom just as the order was about to be issued; he returned a few minutes later with an application signed by some of the defendants, opposing an interim injunction and requesting adjournment. Hariomal ignored the advocate's second thoughts, and dictated an order-restraining the assembly for the time being from sending MPs to New Delhi or discussing the Chogyal and his relatives. "In that order I had merely referred to some of the pleas raised by the plaintiff, as for instance, according to the plaintiff, in the absence of any specific provision in the Sikkim constitution itself, the provision as amended in the constitution of India could not be imposed on Sikkim and any discussion on the Chogyal in the assembly would constitute violation of the specific provision of the Sikkim constitution. I did not and could not legally and legitimately give any opinion on any such pleas which required serious thought and consideration, and at that stage". So he asked Lal, Kazi, and the rest to file their objections by 28 April, promising a final verdict after considering them.

This was the last straw. On 1 April the PO told the Chogyal-who had that day appealed to Mrs. Gandhi though India House had not yet relayed the message-that New Delhi's decision was that "the head of the judicial department shall submit to the chief executive all cases pertaining to the judicial department which requires high-level orders" because "the chief executive, as the head of administration in Sikkim, had full control over this department" The Chogyal objected that such ex parte judgments did not allow an opposing point of view to be even heard. He complained against the Indian government's unilateral decisions on interpretations and interpolations of the law in another country; the effect being to bypass and undermine the authority of Sikkimese courts through India's executive orders. He also suggested that he was perfectly ready to hand over his powers as head of the judiciary to a three-member judicial committee under Sikkim's chief justice. But as before, the arguments fell on stony ground; the intention was to subvert and cripple, not strengthen, the kingdom's judiciary.

Lal sent a clerk round to Hariomal's office late on 2 April with a copy of the order. He himself telephoned the judge next day to remind him that members of the judiciary were now also forbidden to visit the palace; on- no account were they to call there on the Chogyal's official birthday. The judicial department was at the chief executive's mercy for appointments, emoluments, transfer, promotion, reversion, dismissal, accommodation, office facilities, transport, staff, and for everything, in act, that was necessary for comfort, convenience, and confidence. Hariomal reacted with despair:

The lighthouse was damaged and demolished with contempt which it never deserved. About two days later, I was called by the chief executive on the pretext of discussing and drawing up a scheme for the appointment of some civil judicial officers. But his main target was the ad interim order dated March 29 in the civil suit [Rasaily's two petitions]. In a tone arrogant and insulting, he asked me why I had passed even such an apparently innocuous order and not adjourned the matter. Little did he know that it was a judicial order and not an administrative one. Any such interference could entail serious consequences. But the judiciary is powerless if ignored by the executive. It was the most humiliating experience in my life as a judge. Little did he realize that it was not an insult to me but that he was trying to debase the institution and its value. I must admit that I could not stand it. I told the chief executive that I would not continue in office and would submit my resignation immediately. But it appeared he did not want that. He intended to humiliate the judiciary further. My resignation could have possibly created some public stir there or in India. The chief executive abruptly changed his mood and spoke a few kind words and persuaded me not to put in my resignation. contd...

# २०६० कार्तिक १ को भारतसँगको करार




ड्राइपोर्ट संचालनमा अवरोध

नेपाल भूपरिवेष्ठित देश भएकोले अन्तर्राष्ट्रिय कानून अनुसार पाउनुपर्ने अधिकार पाउनु पर्दछ, तर पाएको छैन, अझै पाएको छैन । नगिचको समुन्द्री बन्दरगाहसम्मको पहुँचको अधिकार पनि नाम मात्रको छ । भारतलाई पनि यो कुरा थाहा छ तर बुझ पचाएको छ । संयुक्त राष्ट्र संघ पनि मौन छ, नेपालले पनि आफ्ना पखेटा फिँजाएको छैन । आम नेपाली नागरिकलाई यस्तो कुरा त्यति थाहा हुँदैन । सत्तासीन दलका नेताले थाहा नपाएको जस्तो गर्छन् ।

राजा वीरेन्द्रलाई यो भलिभाँती थाहा थियो । उनले मात्र भूपरिवेष्ठित मुलुकले पाउनुपर्ने सबै अधिकार लिन निरन्तर धेरै प्रयत्न गरेका हुन् । बदलामा सहयोगको साटो प्रतिशोध र उपेक्षात्मक अमैत्री ब्यवहार मात्र पाए । तैपनि पारवहन विषयमा निरन्तर प्रयत्न जारिराखिरहे । उनले सही र दिगो व्यवस्था नभएसम्म नेपालमा उद्योग र व्यापारको बिकास सम्भव छैन भन्नेनिचोड निकालेका थिए । उद्योग र व्यापारको द्रुत विकासका लागि सहज पारबहन चाहिन्छ । उनले एउटा उपाय सुझाए । त्यो थियो सुख्खा–बन्दरगाह (ड्राइपोर्ट)को निर्माण । उनले त्यसलाई अनिवार्य आवश्यकता ठहराए । ड्राइपोर्टको निर्माणबाट कुल ढुवानीको ४० प्रतिशत सस्तो पर्ने देखियो । धेरै तौल हुने गरूङ्गो सामान निकै सस्तो हुने भयो । अन्य सामान पनि सस्तो हुने भयो । यसबाट नेपालमा बिदेशी लगानी भित्रिने सम्भावना पनि बढ्ने देखियो । निर्यात बढेर ब्यापार घाटा निकै कम हुने अध्ययनले देखायो ।

२.तिनताक भारतका यातायातका साधन निष्फिक्री रूपमा नेपालभरि विचरण गर्दथे, तर नेपालका साधन नेपालको सीमाना नजिकको पहिलो रेलवै स्टेशनभन्दा अरू ठाउँमा जान भारतले निषेध गरेको थियो । यो विवाद लामो कालदेखि रहिआएको थियो, छ । त्यसलाई सहज बनाउन नेपालका प्रमुख नाकामा ड्राइपोर्ट बनाउने र त्यहाँबाट नेपाल रेल समुद्रतटसम्म लैजाने योजना बनाइयो, भारतीय झनझटबाट मुक्ति पाउन ।

विश्वबैङ्कबाट ठूलो रकम ऋण लिएर भए पनि नेपालका पाँच विकास क्षेत्रमा पाँचैवटा सुख्खा बन्दरगाहको निर्माण गर्ने अठोट गरियो । निर्माण पनि निर्धारित समयमै पुरा भयो । यसरी ऋण लिएर अन्तराष्ट्रिय स्तरमा बनाइएका यी बन्दरगाहलाई सञ्चालन गर्न भने भारतले दिएन । दशौं वर्षसम्म बन्दरगाह सञ्चालनमा आएनन् । अरबौं लगानी गरेर बनाएका ड्राइपोर्ट गाई भैंसीका गोठ र सत्तलका रूपमा थोत्रिदै गए । भारतले बखेडा माथि बखेडा गरिरह्यो । नेपालको विकास र उन्नति देख्न भारतले चाहँदैन भन्ने यो अर्को उदाहरण बन्यो । भारतले नेपालमा जेजति लगानी गरेकोछ, नेपाललाई भारतनिर्भर हुने बनाउनलाई मात्र गर्ने गरेको पुष्टि भयो । किनकि सम्पन्न नेपाल हेर्न भारत चाहँदैन ।

नेपालको सस्तो ढुवानीबाट हुने रकममा पनि भारतले हिस्सा माग्न थाल्यो । डनले जस्तै; एउटा अपराधीले जस्तै; बाटोमा लौरो तेर्स्याएर पैसा झारे जस्तै । दशवर्ष लामो संचालन प्रयत्नपछि पनि उसले दुइटा ठूला शर्त राख्यो । एउटा बन्दरगाहदेखि ड्राइपोर्टसम्मको शतप्रतिशत ढुवानी भारतीय ढुवानीकर्तालाई मात्र दिनुपर्ने र अर्को नेपालको ड्राइपोर्टको व्यवस्थापन भारतलाई नै सुम्पनुपर्ने । नेपालले यस्ता कुरा स्वीकारेन, इन्कार गऱ्यो । ढुवानी भारतलाई दिदा नेपालीको २२ अर्बको लगानी र २२ लाख ढुवानी सेवाका रोजगारहरू प्रभावित हुने भए । नेपालको नियमित प्रशासन भारतलाई दिनु एकप्रकारले सार्बभौमिकतामाथि हस्तक्षेप हुने कुरा पनि भयो । यसरी कुनै कुरा नमानेपछि भारतले अर्को अत्तो थाप्यो । त्यसोभए जतिप्रतिशत नेपालको ढुवानी सस्तो हुन्छ त्यतिप्रतिशत बन्दरगाहमा कर लगाएर भारतीय ढुवानीकर्तालाई क्षतिपूर्ति दिइनेछ । त्यसोगरे नेपालले सुख्खा बन्दरगाह बनाएको कुनै औचित्य नै भएन । नेपालले जुन हिसाबले उद्योग र ब्यापार बढाउन चाहेको थियो त्यसमा भारतले सुनामी खडा गरिदियो । नेपालले भारतसंग अधिकारको कुरो छोडेर अनुनयविनय गर्दा पनि कुनै सुनवाई गरेन । नेपालले अङ्कुश लगाउने बाटो जलस्रोत हो । त्यो दलका नेताले खास गरेर मात्रृका, बीपी, गिरिजा, माधव, कृष्ण, सूर्य, प्रचण्ड र बाबुरामले एकएक गरेर हात काटेर भारतलाई दिदै गरे । तिनले संतुलनको बाटो नै भत्काईसकेका छन् । राजाहरूमा पृथ्वी, महेन्द्र र वीरेन्द्रले तथा प्रधानमन्त्रीहरूमा टंक, कीर्तिनीधि, नगेन्द्र, मरिचमानहरूले लिएको राष्ट्रियताको अडानलाई यिनले विगत २७ वर्षमा भत्काईदिएका छन् । राजा बीरेन्द्रको हत्या गराइएपछि भारतले सूर्य बहादुरलाई प्रधानमन्त्री बनाउन राजा ज्ञानेन्द्रलाई दबाब दिएको कुरा सबैलाई थाहा छ । यसको भित्री आशय भारतको निहित स्वार्थ साधनकोलागि उनलाई प्रयोग गर्नँ थियो । थापा प्रयोग भए । उनको कार्यकालमा जे महत्वपूर्ण भनेर काम गरिएको थियो ती भारतकालागि फाइदा हुने मात्र थिए । *तीमद्धे एउटा थियो, भारतले ७ बर्षसम्म आफुखुसी नेपालमा २२ अर्ब रूपैयाँ खर्च गर्न पाउने ।* त्यो विद्यमान नेपालको कानून र अभ्यास विपरित थियो । त्यो करारबाट सन्धि गरिएको थियो । *वि.सं. १ कार्तिक २०६० ते तत्कालीन प्रम सूर्यबहादुर थापा र समकक्षी भारतीय प्रम अटलबिहारी बाजपेयीबीच सो सन्धि भएको थियो । सन्धि अनुसार ३ करोडसम्मका परियोजना नेपालसरकारको जानकारी र सहभागिताविना नै भारतीय दूतावासले नेपालभरि खर्चगर्न पाउने भन्ने थियो ।*

स्मरण रहोस यो नेपालीलाई मानसिक रूपमा प्यारलाइजगर्ने प्रमुख कुरा थियो, धनबाट नेपाली मन किन्ने थियो, भारतपक्षधर बनाउनु थियो । जहाँजहाँ भारत बिरोधि गतिविधि भएका छन् त्यहात्यहाँ ३ करोडसम्मका योजना लगेर नेपाली मन जितेर भारतपषधर बनाउने मुख्य आशय थियो ।

अर्को कुरा चाहिँ नेपालका ड्राइपोर्टको व्यवस्थापन भारतलाई दिने थियो । ड्राइपोर्टको व्यवस्थापन मात्र होइन त्यसको संचालनमा भारतीय रेलवे कानून अनुसार हुने गरी जिम्मा दिइयो । आजभोलि नेपालको ड्राइपोर्टको सम्पूर्ण व्यवस्थापन भारतले भारतीय कानून लगाएर चलाएको छ, नेपालको ड्राइपोर्टमा भारतले शासन गर्दागर्दै सो भूभाग समेत भारतको भन्नेहरू देखिन थालेका छन् । यसले नेपालको स्वतन्त्रता र सार्वभौमिकतामा चोट पुगेको छ । यस्तो भारतीय प्रशासनले नेपाली व्यापारी र व्यवसायीलाई कति सहयोग गरेको होला ? प्रश्नवाचक चिन्ह छ नेपाली जनताबीच ।

ड्राइपोर्ट हत्याएपछि उल्टै वीरगञ्जमा भारतीय महावाणिज्य दूतावास स्थापना भयो । यसले एक करोड भारतीय मूलका नागरिकको हितमा भनेर तराईवासीलाई पहाडवासी बिरूद्ध भड्काउने काम गर्न थाल्यो । त्यहींबाट तराई एक मदेश एक प्रदेशको नारा आयो । त्यसबाट संघात्मकता मात्र जन्मिएन स्वतन्त्र तराईको आवाज पनि कुर्लियो, हिन्दी नेपालको राष्ट्रिय सरकारी कामकाजी भाषाको माग पनि आयो ।

वीरगन्जमा महावाणिज्य दूतावासको स्थापना भएपछि तराईमा भारतीय नियतको नाजायज संजालको पनि व्यापक बिस्तार भएको छ । त्यो वास्तवमा महावाणिज्य दूतावास नभएर 'रअ'को बिस्तारित कार्यालय भएको छ । त्यस वाणिज्य दूतावासले तराइलाई नेपालविरूद्ध उठाउन २० अर्बभन्दा बढी रकम लगानी गरिसकेको अध्ययनले देखाएको छ । सिक्किमीकरणको अनुकृतिकै रूपमा देखिएको छ ।

दूतावासले कूटनीतिभन्दा विकासे संस्था भएर काम गरिरहेको छ । भारतविरोधी भावनालाई मत्थर गराउने षडयन्त्रात्मक योजना गरेको छ । वीरगन्ज ड्राइपोर्ट संचालन गर्न खटिएका महावाणिज्यदूत एस.डी.मेहताले सनसनीपूर्ण जुन काम गरे त्यसलाई नमुना उदाहरणको रूपमा लिन सकिन्छ । तिनको सो कुकृत्य पछि 'रअ'कोसमेत थप पर्दाफास भएको छ ।

राजनीतिक मामला समेत हेर्ने उनले वीरगन्जस्थित भारतीय महावाणिज्य दूतावासको कार्यालयमा रात्रि भोजको आयोजना गरे । सो भोजमा बिभिन्न दलका मधेशी नेताहरूलाई बोलाए । भोजका क्रममा एक मधेश एक प्रदेशका लागि जेठ १४ गते अगाडि नै आाधिबेहरी ल्याउन आदेश दिए । त्यसमा भारतले पुरापूर साथ दिने बचन दिए । भ्वाइस रिकर्ड समेत भएको यो खबर पत्रपत्रिकामा व्यापक सार्वजनिक भएपछि जनआक्रोस ब्याप्त भयो । सत्तामा बसेका दलहरूलाई परेको जनदबाबका कारण कूटनीतिक मर्यादा विपरीत यस्ता आचरण गरेकोले निष्कासनै गर्नँपर्ने भनी जनताको दबाबमा केही दलका नेताले सही गरेर दूतावासमा ज्ञापनपत्र बुझाउने निधो गरे ।




## कीर्तिपुरेको नाक काटिएको प्रसङ्ग

शौरभ : सन १७६६ मा कीर्तिपुरको जनसंख्या हुन आउँछ २ हजार २ सय ५० मात्र। अब बृद्ध, महिला, बालबालिका छाडेर युद्धयोग्य जनसंख्या हुन आउँछ एक चौथाइ अर्थात ५ सय ६० जना। ती नाकहरको तौल १७ धार्नी (करिब ८० पाउन्ड) थियो । जम्मा ८६५ जनाको नाक काटिएको थियो । १७ धार्नी बराबर ८० पाउन्ड हुँदैन । ८९.७ पाउन्ड हुन्छ। एक व्यक्तिको नाकको तौल २० गथ्रामदेखि २५ थग्राम हुन्छ । २५ ग्राम नै मानों, १ धार्नी बराबर २.४ किलोग्रामको हिसाबले १७ धार्नी बराबर ४०.७ किलोग्राम नाक हुन आउँछ। जसको अर्थ हो १६२७ जनाको नाक काटियो । यो ८६५ को करिब दोब्बर छ । यसलाई भनिन्छ, ढाँटेको कुरा काटे मिल्दैन ।

बुद्धिनारायण श्रेष्ठको टिप्पणी- पृथ्वीनारायण शाहको सकारात्मक तथा नकारात्मक पाटो जेजस्तो भनिएको छ, देखिएको छ, बुझिएको छ, सुनिएको भए तापनि अंग्रज फिरंगीविरूद्ध छरिएरर हेका हिमाली राज्यलार्य एकतावद्ध गर्ने अभियान उनले सुरू नगरेको भए अहिले हाम्रोदेश नेपाल हामी नेपाली भएर रहने थिएनौं भन्ने कुराचाहिं शाश्वत सत्य हो। यो सत्य सन्देश आज पनि त्यत्तिकै सान्दर्भिक मान्न सकिन्छ ।







# हाम्रो नेतृत्व जंगे र जंगेको सालिक घोडाजस्तै छन्

सालिकको घोडा दौडने कुरै भएन । दौडन त जिवन्त हुनुपऱ्यो । यो सालिक घोडा र संरकार उस्तै छ । संसद, संविधानले काम गर्न नसकेको पनि जिवन्तता नभएर हो । लोकले लोकतन्त्र र यसका अवयवहरूलाई आत्मसात गर्नै सकेका छैनन् । लोकमैत्री नभएपछिको पद्धति सालिकजस्तै हुन्छ । नेपालको १८ वर्षे शासनकाल र लोकतन्त्रमा जंगैशैली त देखिन्छ तर जंगेको घोडाको सालिक भएझैं ठिङ्ग उभिएको मात्र छ । कागजको घोडा दौडिने सालिक किन चाहियो ? बढ्दो जनअसंतुष्टीकै कारणले गर्दा लोकतन्त्र अब फ्याकिने र नयाँ सिद्धान्त स्थापित हुने लक्ष्यणहरू देखिएका छन् । जनविद्रोहका सामु सालिकतन्त्र कसरी जिवित रहन सक्छ र ?







टुँडिखेलको चारै कुनामा ठिङ्ग उभिएको जुद्धशमशेरको घोडा चढेको सालिक जसरी एक पाइला अघि बढ्न सक्दैन, सत्तालोलुप संसद र सरकार पनि सिंहदरवार र शितलनिवासको राजखान्कीमा टक्क अडिएको छ । चलायमान देखिन्छन्, खानका लागिमात्र । देशमा समस्याको पहाड छ, बुख्याँचाजस्तो सिंहदरवारमा ठडिएको सरकारले त्यो पहाड सालिकजस्तो ठिङ्ग उभिएको सरकार जिवन्त नभइकन लाघ्ने सक्दैन । जिवन्त हुने कहिले हो कुन्नी ? सालिक संसद, सालिक सत्तापिपासु नेतृत्वमा बस्ने सबैलाई शक्ति र सम्पत्ति चाहिएको छ । शक्तिका लागि बेइजिङदेखि दिल्लीसम्म, भेटिकनदेखि वाशिङ्टनसम्म झुक्न र लम्पसार पर्न सक्छन् हाम्रो नेतृत्व । आफैले जारी गरेको संविधान, अँगालेको लोकतन्त्रप्रति इमानदार बन्न सकेनन् । जनताप्रति जवाफदेही छैनन् । आफ्नै राजनीतिक विरासतप्रति अडान छैन, अपनत्व छैन, गौरव छैन । सीप छैन । यसकारण वैदेशिक पत्यार खस्कदै गएको छ । यो बहुलठ्ठी ताल र हाँस न कुखुराको चालले नेपाल कहाँ पुग्ला, कहाली लाग्ने अवस्था आइसकेको छ ।




## 'आईएमई पे' को 'उडान मेला' योजना सार्वजनिक

काठमाडौं । 'आईएमई पे' ले "उडान मेला" नामक योजना सार्वजनिक गरेको छ । यस योजना अन्तर्गत आन्तरिक हवाई टिकटमा सबैभन्दा बढी क्यास ब्याक प्राप्त हुने कम्पनीले जनाएको छ । २ माघदेखि सुरू भएको यस अफर मार्फत आईएमई पेका सेवाग्राहीले आन्तरिक हवाई टिकटमा ३०० रूपैयाँसम्म क्यास ब्याक प्राप्त गर्न सक्ने छन् । योजनामा नियमित ग्राहकले "सेभ१००" प्रोमोकोड राखेर १०० क्यास ब्याक र पहिलो पटक आईएमई पेबाट टिकट खरिद गर्ने ग्राहकले "फर्स्ट फ्लाइ" प्रोमोकोड राखेर ३०० रूपैयाँ क्यास ब्याक लाभ पाउन सक्नेछन् ।

हवाई टिकट खरिद गर्ने बेला आईएमई पे एपमा "ह्याभ प्रोमोकोड ?" सोधिएको ठाउँमा यी प्रोमोकोडहरू राखेर क्यास ब्याक प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ । आईएमई पेका प्रमुख कार्यकारी प्रवीण रेग्मीले यस योजनाबाट प्रयोगकर्ताले थप किफायती र सहज रूपमा यात्रा गर्ने उत्कृष्ट अवसर प्राप्त गर्ने बताए ।

आईएमई पे नेपालका सन्दर्भमा सबैभन्दा भरपर्दो र जनजनमा भिजेको एप हो । यो एपबाट वैदेशिक रोजगारीमा गएकाले पनि भरपूर लाभ लिएका छन् । सहज र विश्वासिलो सेवा दिएकै कारणले आइएमईले ख्याति कमाउँदै गएको छ ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ माघ ८, Jan, 21, 2025





अन्तिम पातो – शाश्वत शर्मा

## गणतन्त्रवादीहरू नै परिवर्तनतिर

राजतन्त्रवादीहरू सेलाएका छन्, केही स्वनामधन्य ज्यातिषहरूले फागुन १५ भित्र ठूलै उथलपुथल हुने बताएपछि दुर्गा प्रसाई बाहेक अन्य राजतन्त्रवादी सानोतिनो कार्यक्रमसमेत आयोजना गर्न खोजेका छैनन् । त्यो त पूर्वराजा ज्ञानेन्द्रको हालैको लखनउ भ्रमण र गत पुस २७ का अवसरमा आएको कडाखालको भिडियो सन्देशले केही तरङ्ग ल्याए पनि मूर्तरूप लिने छाँटकाँट देखिएन । केही विश्लेषकहरूले राजाको भारत भ्रमणमा सबै कुरो छिनोफानो भइसकेको भन्छन् । उता अरूचाहिं आरएसएसका मोहन भागवतले राजतन्त्रको कुरा छाड्न, हिन्दुराष्ट्रमा लाग्न र कालान्तरमा अखण्ड भारतको अभियानमा जानुपर्ने कुरालाई उछालिरहेका छन् । अर्काथरि विश्लेषक पनि छन्, यो प्रायोजित प्रचारबाजीमात्र हो भन्छन् ।

यथार्थ के हो भने अब आन्दोलन हुनेछ र त्यसको निचोड राजतन्त्र पुर्नस्थापित भएरमात्र रोकिने छ । राजाको भुटान र भारतको भ्रमणपछि मोहन भागबतको अपुष्ठ खबर अलमलमा पार्ने खेतीमात्र हो भन्ने धेरैको मत छ । अरू त अरू कांग्रेस एमालेको गठबन्धन सरकारले गणतन्त्रबिरोधी कार्य गरिरहेको छ भन्नेहरू पनि छन् । जेजस्ता काम कारवाही भइरहेका छन्, ती सबै भ्रष्ट र अनैतिक कार्यहरूले यो पद्धतिकै हँसी उडाएका छन् । अब एकातिर अवस्था यस्तो छ भने अर्कोतिर प्रतिपक्षी माओवादीसहित अन्य सात दलले चेतावनी दिदै आन्दोलनको घोषणा गरेका छन् । खासगरी अध्यादेशको विषयमा प्रतिपक्षी आक्रोसित छ र यो सरकार आफै र छिटै ढल्ने घोषणा गरिरहेका छन् । यो मोर्चामा माओवादी, रास्वपा, राप्रपा, नेकपा स, राष्ट्रिय जनमोर्चा, आमजनता पार्टी र नेपाल समाजवादी महेन्द्र यादव रहेका छन् । उनीहरू तत्काल अधिवेशनको माग गरिरहेका छन् । सरकार स्वेच्छाचारी र जनविरोधी काम गरिरहेको र यसको बिरूद्धमा विशेष अधिवेशनको माग गर्ने बताइरहेका छन् ।

हुन त माओवादीले प्रधानमन्त्रीको राजीनामा सुरूका दिनदेखि नै मागेको हो । गत शुक्रवार त सडकमा आगो बाल्ने, आन्दोलनमा जाने घोषणासमेत गरेका छन् । उता सत्ताधारीले भने प्रचण्डको सरकार हुँदा माघको अन्त्यमा हिउँदे अधिवेशन बोलाएको बिर्सेको भनेर खिसिट्यूरी पनि चलिरहेको देखिन्छ । माओवादीका प्रचण्डको नेतत्वमा आन्दोलना नगए यो सरकारले जनतामा झन बढी निराशा बढाउने निष्कर्ष निकालिरहेका छन् । कांग्रेस सभापति देउवा निवासमा आफ्ना पार्टीका मन्त्रीहरूसँगको छलफलपछिको प्रतिकृयामा सरकार फेर्ने कुनै संकेत नदेखाएपछि यो सरकार झन जब्बर बनेको देखिन्छ । प्रतिपक्षीले यो सरकारलाई तत्काल हल्लाउन नसक्ने अवस्था विकसित भएको टिप्पणी हुनथालेका छन् । आन्दोलन भयो र सरकार निरंकूश हुनथालेपछि यो पद्धति झन छिटो ढल्ने अनुमान लगाउनेहरूको पनि कमी छैन ।

वातावरण सत्ताधारी र प्रतिपक्षीबीचको असन्तोषले मात्र होइन, राजतन्त्र र हिन्दुवादीहरूको लागि समेत अनुकूल बन्दै गएको छ । राजतन्त्रको पुर्नस्थापना भारत वा अन्य देशको सहयोगमा भन्दा पनि यहींका नागरिकको बलबाट हुन जरूरी छ । यही नै नेपाल र नेपालीका लागि हितकारी पनि हुनेछ । अवश्यांभावी के हो भने परिवर्तन आउने छाँटकाँट देखिदैछ । आम नेपाली यो पद्धति र यी नेताबाट साह्रै सकसमा छन्, रूष्ट छन् भने गणतन्त्रका पक्षधरहरूले पनि राष्ट्र र जनविरोधी कृयाकलाप र अराजक चरित्र देखाएपछि हुने परिवर्तनको माहोल सर्वमान्य हुनजानेछ । एकपल्ट पुन: यो भ्रष्ट व्यवस्थालाई आम नेपालीले धक्का दिएर फालिदिए भने अचम्म हुनेछैन । यसैको आवश्यकता छ । अन्यथा भ्रष्टहरूको भारी कतिञ्जेल जनताले बोकिरहने ? अबको आन्दोलनमा सबै खाल तह र तप्काले आआफ्ना माग लिएर एकतावद्धताका साथ सडकमा उत्रनेछन् । परिवर्तनको मागमा सबै अटाउन सक्नेछन् । आन्दोलनको वातावरणलार्य विषयान्तर गर्न अनेक हल्ला चलाइएको छ । साँचो कुरा छिमेकी र विश्वशक्तिहरूसमेत यी शासकका कृयाकलाप र अविश्वसनीय चरित्रबाट वाक्क भइसकेका छन् । खास कुरो नेपाली पीडित छन्, नेपाल दण्डहीन भयो, अलोकतान्त्रिकता बढ्यो, भ्रष्टाचार बढ्यो भन्ने कुरामा विश्व नै सहमति भइसकेको अवस्था छ ।

नेपालले परिवर्तन खोजेकै हो । यो परिवर्तनका लागि नेपालीबाटै आन्दोलनको उठान र बैठान गर्नुछ । राजनीतिक बृत्तमा यिनले मुलुक थाम्न नसकेर राजाको जिम्मा लगाइदिन खोजेको चर्चा व्यापक छ । भोलिका दिनमा श्रीलंका अथवा बंगलादेशका नेताले भोग्नुपरेको नियति भोग्न नपरोस् भनेर नेताहरूले अनेक तानाबाना बुन्न थालेको चर्चा पनि छ । ठूला दूई दलको सत्ताको निर्लज्ज कामकारवाही हेर्दा त्यस्तो लाग्छ पनि । सही कुरो के हो भने राजसंस्था र हिन्दुवादीले निर्णायक आन्दोलन गर्न सक्दैनन्, असन्तुष्ट सबै तप्का एकीकृत भएर सडमा उत्रिए भने परिवर्तन रोकने छैन । नेपालीमा आँट छ, आत्मनिर्णय गरेर सडकमा निस्कन बाँकी छ ।

हिजोआज सोच्छु, आजसम्म वितेका राम्रा नराम्रा क्षणहरू र आजलाई भविष्यको बारेमा तर्कना । लाग्छ, मेरो खोजले तिब्रता र गहिराई पाएमा उपयुक्त समाधान निस्किन्छ । लेख्न चाहन्छु । लेखेर हुँदैन केही आत्मसन्तोष मात्र । बुढा मरे भाषा सरे त छँदैछ । कलाकारको, लेखकको मूल ध्येय मानव जीवनमा विशुद्ध आनन्द र शान्तिको प्राप्ति । मानवीय जीवनमा बन्द कोठामा रमाइरहेका छौं हामी । एउटा टुकी जीवनदीप निभ्छ, अवश्य तर त्यसलाई खोलेर वाहिरको वृहत विश्वतर्फ हेर्ने गर्दैनौं । एउटा मुक्तिपथ तर्फको यात्रा । कोठाको ढोका बन्द छ । धिप् धिप् गर्दैछ, टुकी कतिखेर तेल बन्द हुन्छ र बत्ती निभ्छ । जीवनको बत्ती कतिखेर निभ्छ । बन्द ढोका कतिबेर खुल्छ । टुकीको उज्यालोमा हामी भुलिराखेका छौं । कोठाको सामान हेर्दैछौं । बाहिरको संसार बुझ्दैनौं । बुझ्दै बुझ्दैनौं ।

झुसिल कीराले आफूलाई जोगाउन खोज्छ । पुतलीले जन्म पाउँदैन । बीउले आफूलाई बचाउन खोज्यो भने विरूवाको अंकुरण कहाँ हुन्छ । वटवृक्ष कहाँ बन्छ ? प्रश्न अनेक छन् ।

यसरी नै म रमाइरहेको हुन्छु । सूर्यास्त हुँदा म रमाउँछु । चन्द्रमा उदाउँछ । कृष्ण पक्षमा मन धमिलो हुन्छ । पूर्णिमामा रमाइलो । प्रकृति कै नियम त हो । प्रकृति रमाइलो आकाशमा ताराहरूको खेल हेर्छु तर न समुद्रमा डुब्न खोज्छु न तारा मण्डलमा विलीन विलाउन म । समय भन्ने कल्पना हो । यसलाई मालिक बनाइन्छ । यो यथार्थ हो दास बनिन्छ । दिमागले धेरै कुरा गर्छ, धेरै गर्दैन । दिलको आवाज सुन्न कोही अपराधी बन्दैन । कसैलाई न्यायधीश चाहिँदैन । कतै पढेथें, यो जिन्दगीले खै के गरेछ ? यस्तै छ हालत ।

खाली अंशहरूमै आँखा गाडेछ । पूर्णलाई सम्झ नै छोडेछ । सभ्यताका कृत्रिम र यान्त्रिक बन्धनबाट मुक्ति र स्वतन्त्रतातर्फको मानवीय महाप्रस्थानको विन्दुतर्फको संकेत । अचम्म छ ।

अनन्तको पृष्ठभूमिमा जीवन मरण हेरौं त । महाकासको पृष्ठभूमिमा घटाकाशलाई हेरौं । विचार रोकिएको बेला, चेतनालाई हेरौं । पृष्ठभूमि पक्रेर विराटमा जाऔं । दर्शनशास्त्र आफैंमा अनौठो छ । तर्कशास्त्र कति कुरा अन्तर्कित छन् । कति अनुमानीय, कति नियमित, कति आकस्मिक । जीवनलाई खोज, प्रकृतिमा पुग पूज । हेर त ब्राम्हमूर्त हेर सन्ध्याकाल । अखण्डमा खण्ड खण्डमा अखण्ड । प्रातकालीय सूर्य र सन्ध्याकालीन सूर्य । सूर्य त हो तर फरक छुट्याऊ । न भूल न भड्केका आँखा, हृदय मन र मस्तिष्क खुल्ला गर स्वीकार गर उषाकाललाई स्वीकार गर सन्ध्याकाललाई । म र तिमीको बीच भिन्नता । यो पानीलाई बाफ बनाएर हेर । बाफलाई पानी बनाएर हेर । हेरौं मन र आत्माको मिलन एउटा कल्पना बेलुकाको घाम रूखको टुप्पामा पहेँलो । आकाश निलो र खाली । .....

आकाश फेरि खाली .... बादलको छिर्का पनि हराउँदै जाने । हेरिरहौं बोध गरौं, विशुद्ध बोधमा आनन्द छ । सबै विश्रान्त छ । पूर्ण छ, आहा विशुद्ध चैतन्य धन्य छ । सोच्छु, मेरो काम त पलपल बन्दै राम्ररी बाँच्ने हो । म एउटा समुद्रको छाल हुँ । म कहिल्यै आदि छ न अन्त्य छ । जीवन भोग र योगको एउटा प्रसंग यति भनौं अहिलेलाई ।

डा.मोहन प्रसाद लोहनीको कहाँ छ ठाउँ कविता संग्रह २०६८ एउटा आध्यात्मिक काव्य मधुधारद्वार परिचित कृति हो । यस कृतिले जीवनको अध्यात्म पक्षलाई परिचय गराउँछ । आजको व्यस्त जीवनमा पृथ्वी नै हाँके भनेर दम्भ गर्ने पनि कता हराउँछन् कता । अन्तर्चक्षुंको सहायताले ईश्वर वा ब्रह्माण्ड चलाउने शक्तिलाई प्रकृति कै विभिन्न रूपमा देख्न सकिन्छ भन्ने कविको विश्वास छ । प्रत्यक्ष दर्शनमा विश्वास गर्ने कवि शब्द र सिद्धान्तको जालमा फँसेर शास्त्रार्थमा जीवन खेर फाल्दैनन् । हाम्रो लक्ष्य ब्रह्माण्डलाई चलाउने शक्ति प्राप्त गर्ने हो । विशुद्ध चेतनाको न आदि छ न अन्त्य यो चेतना नै ब्रह्माण्डचक्षीं हो । यसमा सम्पूर्ण विश्व अटाउँछ । त्यसले हामीलाई विशुद्ध शान्ति दिन्छ । चीर शान्ति दिन्छ ।

भ्रमण अत्यन्त रूचिको विषय भ्रमणको नाममा म यसै फुरूङ्ग हुन्छु ।

# लोकतन्त्र भनेको लुटतन्त्र हो ?

जीवन एउटा भ्रमणै हो । कालको काल अर्थात् समय जीवनयापनको एक यात्रा असिम कल्पना र यथार्थको सामिश्रण कलाकारणको लागि र जीवनभोक्ताको लागि । डा. भण्डारीले जीवन भोगे प्राध्यापक, उनी बुद्धिजीवि निर्भिक नडराउने कसैसँग । जीवन बादल जस्तै उड्छ सेतो, निलो, कालो । कुनै बादल गर्जन्छ, कुनै बर्सन्छ । बाल्यकालदेखि बृद्धकालसम्म सम्झन्छु । जीवन के ऋतु जस्तै परिवर्तन हुन्छ । भइरहेको छ ?

कुनै ऋतुमा घाम नउदाए हुन्थ्यो जस्तो लाग्छ । कुनै ऋतुमा घाम नअस्ताए हुन्थ्यो जस्तो लाग्छ । हो, तर जीवनको यो अर्थात् स्वीकार गर्न मन लाग्दैन । यथार्थ जीवनको इतिहास हो । हेरौं न रगत र नसा चले जस्तो जीवनमा ।

सोच्छु- म हिमप्रदेशमा बसेको एक घरमा छु । एक स्थान छ, एउटा प्रकाश छ । एक समय छ । हामी छौं ।

ऋतु शरद, ऋतु बसन्त मीठा ऋतुहरू सत्यमा हिड्न पाउँ, उज्यालोतर्फ फर्कौं नमरौं एउटा सांगीतिक अनुशासन, एउटा कवितात्मक भावना, एउटा चित्रको कल्पना, पृथ्वी घुम्दैछ, सूर्य पनि आफ्नै क्रममा । यो मेरो घर पनि घुमिरहेको छ । म सधैं मानवतावादी भएर प्रोफेसर छु । अनि मात्र राष्ट्रवादी अथवा यसो भनौं एउटा चेतनाले भरेको मान्छे मानवता मै केन्द्रित हुन्छ । अरू त पछिका कुरा दक्षिणायन पश्चिमापनको कुरो देशमा भइरहन्छ । स्पष्ट शब्दमा भन्दा पश्चिमको कि दक्षिणको । दिन रातको भिन्नता छुट्याउँदैन । सूर्योदय र सूर्यास्त हेर्दैन । म चाहिँ हिमशिखरमा पुगेर आरामसँग घुम्न चाहन्छु । मौसमलाई अनुकूल बनाउँदै । मलाई घाम चाहिन्छ पानी पनि । सूर्योदय चाहिन्छ, चन्द्रोदय पनि । आराम त चाहियो नै । पेण्डराको बाकस एउटा उड्ने आशा एउटा विश्वास पृथ्वी मानिसको सभ्यताको इतिहासमा कुनै एक यथार्थ इतिहास छैन । इतिहास जीवनको दृष्टिकोण हो । प्रेम गर निरर्थक नहिँड, पाप नगर जीवनमा सुख हुनेहरू सुख र दु:ख हुनेहरू दु:ख सम्झन्छन् । अचम्मको कुरा छ ।



प्रा.डा. खेम कोइराला

जीवनमा कति दु:ख सुखपूर्ण हुन्छन् । कति सुख दु:खपूर्ण हुन्छन् । तिमी बाँच्छौं, गधा भएर अथवा गोरू भएर । चरो भएर उड्नुको मजा अथवा गाईको पूजिने अवस्था .... । मर्न सजिलो छैन । कृष्ण र भीष्मकै मर्ने अधिकारको प्रपञ्चमा । ईश्वर छ कि छैन भन्दिन तर, ईश्वरका नाम लिइरहन्छु । प्रकृतिलाई म ईश्वर भन्छु । प्रकृतिलाई मान्छेले जितेको छ । होइन, प्रकृति सधैं नै मान्छेसँग हारेको छ ।

यी पक्ष आफ्नै भए, सजिलै अनुमान लगाउन सकिएमा, तर भ्रष्टहरूको अवैध कर्म र तिनले अनुचित तवरमा आर्जन गरेको सम्पत्ति पत्ता लगाउन निकै कठिन हुन्छ । भ्रष्टाचारका कारण अस्वभाविक र आश्चर्यजनक रूपमा अघाइ सम्पत्तिका मालिकहरूको जन्म भइरहेको छ । नेपाल भने अति विपन्न मुलुकहरूको सूचिमा पर्दै आएको छ । राणा शासन होस् अथवा पञ्चायत अनि संसदीय व्यवस्था होस् या लोकतन्त्र हाम्रा शासकहरूको मुलभूत उद्देश्य राज्यकोष लुट्नु मै केन्द्रित रहेको छ । लोकतन्त्र लुटतन्त्र बनेको छ । यता आएर हाम्रा शासकहरू अझ बढी लुटमा नै केन्द्रित छन् । शासन भनेको लुट्नु नै हो कि क्या हो ? जनतालाई सत्ताको उन्मादले सताउनु अनि आफू र आफन्तहरूलाई सातपुस्ता पुऱ्याउन कमाउनु । .यस्तो छ लोकतन्त्र । लोकतन्त्र भनेको लुटतन्त्र हो ?





## सार्वजनिक सेवा लिदा ध्यान दिऊँ

- सेवाग्राहीले आफूले लिन चाहेको सेवाको बारेमा जानकारी राखौं,
- सेवा प्राप्त गर्दा आवश्यक पर्ने कागजात यकीन गरौं,
- आफूले प्रदान गर्ने सेवाका सम्बन्धमा सेवा प्रदान गर्ने निकायले राखेको नागरिक वडापत्रमा उल्लेखित विषयमा ध्यान दिऊँ,
- सेवा लिन जाँदा कर्मचारीहरुसँग विनम्र व्यवहार गरौं,
- कर्मचारीहरूलाई कुनै अनुचित प्रलोभन नदेखाऔं,
- कर्मचारीले काममा ढिलासुस्ती गरी कुनै माग राखी कुनै शर्त राखे तत्काल कार्यालय प्रमुख वा सम्बन्धित निकायमा जानकारी गराऔं,
- सेवा प्रवाह सम्बन्धी कुनै गुनासो भए गुनासो पेटीका वा गनुसो सुन्ने अधिकारी समक्ष राखौं,
- सचेत र सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

